नजर हमर

राष्ट्रिय दैनिक

# मधेशदृष्टि

Madheshdristi National Daily

www.emadheshdristi.com

मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9854028218
9802592799
9803474311
9817806395

## बी.पी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा पनि सातामा दुई दिन बिदा

**सुनसरी।**
बी.पी.कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरानले जेठ १ गतेदेखि लागू हुने गरी हप्ताको दुई दिन सार्वजनिक बिदा दिने निर्णय गरेको छ । नेपाल सरकार मन्त्रिपरिषद्को निर्णय र स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको परिपत्र अनुसार प्रतिष्ठानले यो व्यवस्था लागू गर्न लागेको हो।
प्रतिष्ठानका प्रवक्ता प्रा. डा. शमशेर श्रेष्ठद्वारा जारी सूचना अनुसार हरेक हप्ताको शनिबार र आइतबार अस्पतालको बहिरङ्ग सेवा, प्रशासनिक र शैक्षिक कार्यालयहरू पूर्ण रूपमा बन्द रहनेछन्।
अस्पतालको अन्तरङ्ग सेवा र आकस्मिक सेवा भने सुचारु रहनेछन् । यसअघि शुक्रबार आधा दिन मात्र सञ्चालन हुँदै आएका अस्पतालका सेवा तथा कार्यालयहरू अब अन्य कार्यदिन सरह पूर्ण समय सञ्चालन हुने जनाइएको छ । रासस

● वर्ष ४ ● अंक १७३ ● २०८३ साल वैशाख २९ गते मंगलबार ● Tuesday 12, May 2026 ● सूर्योदय: बिहान ०५:१९ बजे ● सूर्यास्त: साँझ ०६:४४ बजे ● पृष्ठ ८ ● मूल्य रु. ५/-

# मुख्यमन्त्रीले जेठ १ गते विश्वासको मत लिने



**मधेशदृष्टि**
**जनकपुरधाम।**
मधेश प्रदेशका मुख्यमन्त्री कृष्ण प्रसाद यादवले जेठ १ शुक्रबार विश्वासको मत लिने भएका छन्। मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा सोमबार बसेको बैठकले जेठ १ गते विश्वासको मत लिने गरी प्रदेश प्रमुखको कार्यालयमा सिफारिस गर्ने निर्णय भएको मधेश प्रदेशका मुख्यमन्त्री कृष्ण प्रसाद यादवले जानकारी दिए।
मधेश प्रदेश सभाको सातौँ अधिवेशनको बैठक आह्वानका लागि मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट पत्र आएको मधेश प्रदेशका प्रदेश प्रमुखको कार्यालयका सचिव नारायण प्रसाद दहालले जानकारी दिए । उनले प्रदेश प्रमुखको कार्यालयले आजै प्रदेश सभाको बैठक आह्वान गर्ने जानकारी दिए।
पाँच दलको समर्थनमा मुख्यमन्त्री बनेका नेपाली कांग्रेस संसदीय दलका नेता कृष्ण प्रसाद यादवलाई दिएको समर्थन एक दल अर्थात् जनतम पार्टीका संसदीय दलका नेता चन्दन कुमार सिंहले फिर्ता लिएपछि ३० दिन भित्रमा मुख्यमन्त्रीले विश्वासको मत दिनु पर्ने संवैधानिक प्रावधान अनुसार जेठ १ गते विश्वासको मत लिन लागेका हुन्।
मधेश प्रदेश सभामा नेपाली कांग्रेस, जनता समाजवादी पार्टी नेपाल, नेपाली कम्युनिष्ट पार्टी र लोकतान्त्रिक समाजवादी पार्टी नेपालका बीचमा गठबन्धन कायम राख्ने आइतबार चारै दलको बैठकले सहमति गरेपछि मन्त्रिपरिषद्को बैठकले जेठ १ गते विश्वासको मत लिने निर्णय गरेको छ।
मधेश प्रदेश सभामा नेपाली कांग्रेसका २२, जनता समाजवादी पार्टीका १७, नेपाली कम्युनिष्ट पार्टीका १५ र लोकतान्त्रिक समाजवादी पार्टी नेपालका ८ जना प्रदेश सभा सदस्य छन्। चार दलको बीचमा गठबन्धन कायम रहेको खण्डमा वर्तमान मुख्यमन्त्रीको पक्षमा ६२ जनाको समर्थन देखिएको छ।

- **सातौं अधिवेशन जेठ १ गतेदेखि सुरु हुने**

मधेश प्रदेशसभाको सातौं अधिवेशन आगामी जेठ १ गते शुक्रबारदेखि सुरु हुने भएको छ । प्रदेश प्रमुख कार्यालयले सोमबार विज्ञप्ति जारी गर्दै नयाँ अधिवेशन आह्वान गरिएको जानकारी दिएको हो । प्रदेश प्रमुख कार्यालय मधेशका अनुसार मधेश प्रदेश सरकार मन्त्रिपरिषद्को सिफारिसमा नेपालको संविधानको धारा १८३ को उपधारा (१) बमोजिम प्रदेश प्रमुखले प्रदेशसभाको अधिवेशन आह्वान गरेका हुन् । जारी विज्ञप्तिअनुसार अधिवेशन जेठ १ गते शुक्रबार बिहान ११ बजेबाट सुरु हुनेछ । आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम र बजेट प्रस्तुत गर्ने तयारी भइरहेका बेला अधिवेशन आह्वान गरिएको हो ।यसपटकको अधिवेशनलाई राजनीतिक रूपमा पनि महत्त्वपूर्ण रूपमा हेरिएको छ।
सरकारको नेतृत्व र सत्ता समीकरणबारे चर्चा भइरहेका बेला मुख्यमन्त्रीले प्रदेशसभाबाट विश्वासको मत लिने तयारीसमेत गरिरहनुभएको बताइएको छ।
अधिवेशनमा सरकारको नीति तथा कार्यक्रम, वार्षिक बजेट, विभिन्न विधेयक तथा समसामयिक राजनीतिक विषयमा छलफल हुने अपेक्षा गरिएको छ । सत्ता पक्ष र प्रतिपक्षबीच हुने बहसले प्रदेशको आगामी राजनीतिक दिशा तय गर्ने आकलनसमेत गरिएको छ।

## बोर्डिङहरुद्वारा विद्यार्थीमाथि ज्यादतीमा प्रशासनको ध्यानाकर्षण

**मधेशदृष्टि**
**वीरगंज।**
जिल्ला प्रशासन कार्यालय पर्साले निजी विद्यालय र केही पुस्तक तथा पोशाक पसलबीचको मिलेमतोमार्फत विद्यार्थी र अभिभावकमाथि आर्थिक शोषण भइरहेको भन्दै गम्भीर ध्यानाकर्षण भएको जनाएको छ। कार्यालयले सार्वजनिक सूचना जारी गर्दै कतिपय निजी विद्यालयहरूले विद्यार्थीलाई निश्चित पसलबाट मात्रै पाठ्यपुस्तक तथा विद्यालय पोशाक खरिद गर्न बाध्य बनाएको, साथै उपभोक्ताले पाउनुपर्ने छुटसमेत नदिई गैरकानूनी आर्थिक लाभ लिइरहेको विषयमा व्यापक जनगुनासो आएको उल्लेख गरेको छ।
सहायक प्रमुख जिल्ला अधिकारी कृष्ण थापाद्वारा जारी सूचनामा यस्तो सिन्डिकेट, एकाधिकार र आर्थिक शोषणजन्य गतिविधि तत्काल बन्द गर्न चेतावनी दिइएको छ।
अन्यथा प्रचलित ऐन तथा कानूनबमोजिम सम्बन्धित विद्यालय र पसल दुवैमाथि हदैसम्मको कडा कानूनी कारवाही गरिने प्रशासनले स्पष्ट पारेको छ।
जिल्ला प्रशासन कार्यालयले अभिभावक तथा सरोकारवालालाई यस्ता गतिविधिबारे प्रमाण, बिल वा अन्य ठोस आधारसहित कार्यालयमा उजुरी दर्ता गराउन आग्रह गरेको छ । प्रशासनले शिक्षा क्षेत्रलाई पारदर्शी, उपभोक्तामैत्री र कानूनसम्मत बनाउन सबै पक्ष जिम्मेवार बन्नुपर्ने उल्लेख गर्दै विद्यार्थी र अभिभावकमाथि अनावश्यक आर्थिक भार पार्ने गतिविधि सह्य नहुने जनाएको छ।

## मधेशका कांग्रेस नेताहरु केन्द्रीय सदस्यमा मनोनीत

**मधेशदृष्टि**
**वीरगंज।**
नेपाली कांग्रेसका सभापति गगन थापाले १९ केन्द्रीय सदस्य मनोनीत गरेका छन् । मनोयनमा परेका मध्ये ५ जना मधेश प्रदेशका नेता छन् । पूर्वसभापति शेरबहादुर देउवा र नेता डा. शेखर कोइराला समूहका नेताहरूलाई केन्द्रीय समितिमा मनोनीत गरिएको हो।
मनोनीत हुनेहरुमा महेन्द्र यादव (धनुषा), जीवन परियार (कास्की), उमेश श्रेष्ठ (चितवन), रमेश रिजाल (पर्सा), सुजाता कोइराला (मोरङ), दिलेन्द्रप्रसाद बडू (दार्चुला), डा. चन्द्रकान्त भण्डारी (गुल्मी), अजयकुमार चौरसिया (पर्सा) छन्।
यस्तै, लक्ष्मी परियार (उदयपुर), आङ्गेलु शेर्पा (सोलुखुम्बु), दिनेशकुमार यादव (सप्तरी), राजीव कोइराला (सुनसरी), राजीव ढुंगाना (सुनसरी), प्रा.डा. गोविन्दराज पोखरेल (प्युठान), सुशीला मिश्र भट्ट (कैलाली) केन्द्रीय सदस्य मनोनयन भएका छन् । यस्तौ, नागिना यादव (महोत्तरी), दिनेश कोइराला (चितवन), डा. जीवन राना (कैलाली) र सीता थपलिया उर्मिला (धादिङ) पनि केन्द्रीय सदस्य मनोनयनमा परेका छन्।

## मधेशमा बढ्दो एचआइभी संक्रमण परीक्षण कम हुँदा पनि पोजिटिभ दर स्थिर

**जनकपुरधाम।**
मधेश प्रदेशमा एचआइभी संक्रमणको अवस्था फेरि चिन्ताजनक बन्दै गएको देखिएको छ । पछिल्ला वर्षहरूमा संक्रमण नियन्त्रणका लागि विभिन्न कार्यक्रम सञ्चालन भइरहे पनि नयाँ संक्रमितको संख्या विस्तारै बढ्न थालेपछि स्वास्थ्य क्षेत्रका सरोकारवालाहरूले चासो व्यक्त गरेका छन्।
स्वास्थ्य निर्देशनालय मधेशले सार्वजनिक गरेको पछिल्लो तथ्यांकअनुसार चालु आर्थिक वर्षमा एचआइभी परीक्षणको दायरा अघिल्लो वर्षको तुलनामा घटे पनि पोजिटिभ देखिने दर भने उही स्तरमा कायम रहेको छ।
यसले प्रदेशमा वास्तविक संक्रमितको संख्या अझ बढी हुन सक्ने संकेत गरेको स्वास्थ्यकर्मीहरूको भनाइ छ।
स्वास्थ्य निर्देशनालय मधेशका सूचना अधिकारी राजवीर यादवका अनुसार गत आर्थिक वर्षमा धेरै व्यक्तिको परीक्षण गरिएको थियो र त्यतिबेला एचआइभी पोजिटिभ दर ०.६ प्रतिशत रहेको थियो । तर चालु आर्थिक वर्षमा परीक्षणको संख्या घट्दा पनि पोजिटिभ दर फेरि ०.६ प्रतिशत नै कायम रहनुले संक्रमण समुदायस्तरमा फैलिइरहेको अनुमान गर्न सकिने उनले बताए।
उनका अनुसार राष्ट्रिय औसतसँग तुलना गर्दा मधेश प्रदेशको अवस्था अझै गम्भीर देखिएको छ। देशभर एचआइभी संक्रमणको औसत पोजिटिभ दर ०.५ प्रतिशत मात्रै रहेको अवस्थामा मधेशमा त्योभन्दा बढी देखिनु चिन्ताको विषय भएको उनको भनाइ छ।
निर्देशनालयले उपलब्ध गराएको विवरणअनुसार मधेश प्रदेशका जिल्लामध्ये सबैभन्दा बढी एचआइभी संक्रमित पर्सा जिल्ला मा रहेका छन् । पर्सामा हाल १ हजार ५ सय ४ जना संक्रमित रहेको तथ्यांकमा उल्लेख छ । त्यसपछि धनुषा जिल्ला मा ८ सय ८६, रौतहट जिल्ला मा ५ सय ४०, सर्लाही जिल्ला मा ५ सय ८, सिरहा जिल्ला मा ४ सय ५७, महोत्तरी जिल्ला मा ३ सय ७१ तथा बारा जिल्ला मा २ सय २२ जना एचआइभी संक्रमित रहेको जनाइएको छ।
स्वास्थ्यकर्मीहरूका अनुसार मधेश प्रदेशमा भारतसँगको खुला सीमा, वैदेशिक रोजगारी, सुरक्षित यौन व्यवहारबारे पर्याप्त चेतनाको अभाव, लाज र डरका कारण परीक्षण नगर्ने प्रवृत्ति तथा सामाजिक विभेद जस्ता कारणले संक्रमण नियन्त्रण चुनौतीपूर्ण बनेको छ।
अझै पनि धेरै मानिसहरू एचआइभी परीक्षण गराउन डराउने र संक्रमित पुष्टि भए पनि उपचारमा नियमित नआउने समस्या रहेको उनीहरूको भनाइ छ।
यसैबीच एएचएफले मधेश प्रदेशसहित देशका विभिन्न क्षेत्रमा एचआइभी संक्रमित समुदायसँग निरन्तर काम गर्दै आएको जनाएको छ । एएचएफ नेपालका कार्यक्रम संयोजक बिमल कुमार साहका अनुसार संस्थाले सन् २००९ देखि विभिन्न सरकारी अस्पतालहरूसँग सहकार्य गर्दै परीक्षण, उपचार, परामर्श तथा जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्दै आएको छ।
उनका अनुसार मधेश प्रदेशअन्तर्गत प्रादेशिक अस्पताल जनकपुर र नारायणी अस्पताल सहित देशभरका १९ अस्पतालमार्फत एचआइभी सम्बन्धी सेवा उपलब्ध गराइँदै आएको छ । संक्रमितलाई नियमित औषधि सेवन, मानसिक परामर्श, सामाजिक सहयोग तथा समुदायस्तरमा जनचेतना अभिवृद्धिका कार्यक्रम सञ्चालन भइरहेका उहाँले जानकारी दिए।



## के छ देशको शोधनान्तर स्थिति ?



**काठमाडौँ।**
चालु आर्थिक वर्षको नौ महिनामा शोधनान्तर स्थिति सात खर्ब ३१ अर्ब १६ करोड रुपैयाँले बचतमा रहेको छ । नेपाल राष्ट्र बैङ्कले सोमबार चालु आवको नौ महिनाको विवरण सार्वजनिक गरेको थियो । सो विवरणअनुसार अघिल्लो वर्षको सोही अवधिमा शोधनान्तर स्थिति तीन खर्ब ४६ अर्ब २३ करोड रुपैयाँले बचतमा थियो।
अमेरिकी डलरमा अघिल्लो वर्षको सोही अवधिमा दुई अर्ब ५५ करोडले बचतमा रहेको शोधनान्तर स्थिति समीक्षा अवधिमा पाँच अर्ब १० करोडले बचतमा छ।
समीक्षा अवधिमा चालु खाता छ खर्ब १८ अर्ब ६८ करोड रुपैयाँ बचतमा रहेको छ। अघिल्लो वर्षको सोही अवधिमा चालु खाता दुई खर्ब २२ अर्ब ६७ करोड रुपैयाँ बचतमा रहेको थियो ।अमेरिकी डलरमा अघिल्लो वर्षको सोही अवधिमा एक अर्ब ६४ करोडले बचतमा रहेको चालु खाता समीक्षा अवधिमा चार अर्ब ३२ करोडले बचतमा रहेको छ ।समीक्षा अवधिमा खुद पुँजीगत ट्रान्सफर १४ अर्ब ५० करोड रुपैयाँ रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो ट्रान्सफर सात अर्ब ७१ करोड रुपैयाँ रहेको थियो।
यसैगरी, समीक्षा अवधिमा १४ अर्ब ५५ करोड रुपैयाँ प्रत्यक्ष वैदेशिक लगानी (इक्विटी मात्र) भित्रिएको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो प्रत्यक्ष वैदेशिक लगानी (इक्विटी मात्र) आठ अर्ब ९४ करोड रुपैयाँ रहेको थियो।
केन्द्रीय बैङ्कका अनुसार, गत असार मसान्तमा २६ खर्ब ७७ अर्ब ६८ करोड रुपैयाँ बराबर रहेको कुल विदेशी विनिमय सञ्चिति ३० दशमलव पाँच प्रतिशतले वृद्धि भई गत चैत मसान्तमा ३४ खर्ब ९४ अर्ब ७३ करोड रुपैयाँ पुगेको छ।
अमेरिकी डलरमा यस्तो सञ्चिति गत असार मसान्तमा १९ अर्ब ५० करोड रहेकोमा गत चैत मसान्तमा २० दशमलव आठ प्रतिशतले वृद्धि भई २३ अर्ब ५५ करोड पुगेको छ।
कुल विदेशी विनिमय सञ्चितिमध्ये नेपाल राष्ट्र बैङ्कमा रहेको सञ्चिति गत असार मसान्तमा २४ खर्ब १४ अर्ब ६४ करोड रुपैयाँ रहेकोमा गत चैत मसान्तमा २७ दशमलव सात प्रतिशतले वृद्धि भई ३० खर्ब ८२ अर्ब ४१ करोड रुपैयाँ पुगेको छ ।बैङ्क तथा वित्तीय संस्था (नेपाल राष्ट्र बैङ्कबाहेक) सँग रहेको विदेशी विनिमय सञ्चिति गत असार मसान्तमा दुई खर्ब ६३ अर्ब ४ करोड रुपैयाँ रहेकोमा गत चैत मसान्तमा ५६ दशमलव आठ प्रतिशतले वद्धि भई चार खर्ब १२ अर्ब ३२ करोड रुपैयाँ कायम भएको छ। चालु आवको नौ महिनासम्मको आयातलाई आधार मान्दा बैंकिङ क्षेत्रसँग रहेको विदेशी विनिमय सञ्चिति २१ दशमलव आठ महिनाको वस्तु आयात र १८ दशमलव चार महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त रहने देखिन्छ।

**नौ महिनामा १६ खर्ब ५९ अर्ब विप्रेषण**

यसैबीच चालु आर्थिक बर्षको नौ महिनामा १६ खर्ब ५९ अर्ब ४१ करोड रुपैयाँ बराबरको विप्रेषण भित्रिएको छ । विप्रेषण आप्रवाह ३९ दशमलव एक प्रतिशतले वृद्धि भएको छ।
अघिल्लो वर्षको सोही अवधिमा विप्रेषण आप्रवाह १० दशमलव दुई प्रतिशतले बढेको थियो । विवरणअनुसार, गत चैत महिनामा विप्रेषण आप्रवाह दुई खर्ब नौ अर्ब ७५ करोड रुपैयाँ रहेको छ।
अघिल्लो वर्षको सोही महिनामा विप्रेषण आप्रवाह एक खर्ब ३९ अर्ब ५४ करोड रुपैयाँ रहेको थियो । समीक्षा अवधिमा अमेरिकी डलरमा विप्रेषण आप्रवाह ३१ दशमलव नौ प्रतिशतले वृद्धि भई ११ अर्ब ५५ करोड पुगेको छ । अघिल्लो वर्ष यस्तो आप्रवाह सात दशमलव पाँच प्रतिशतले बढेको थियो।
समीक्षा अवधिमा खुद द्वितीय आय (खुद ट्रान्सफर) १८ खर्ब २० अर्ब ४२ करोड रुपैयाँ पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो आय १३ खर्ब तीन अर्ब १२ करोड रुपैयाँ रहेको थियो।
समीक्षा अवधिमा वैदेशिक रोजगारीका लागि अन्तिम श्रम स्वीकृति (संस्थागत तथा व्यक्तिगत–नयाँ) लिने नेपालीको संख्या दुई लाख ९४ हजार १ सय ८६ र पुनः श्रम स्वीकृति लिनेको संख्या दुई लाख ९३ हजार २ सय ५९ रहेको छ।

# मण्डल कुटीमा सरसफाइ अभियान

**मधेशदृष्टि**
**जनकपुरधाम।**



धार्मिक तथा सांस्कृतिक नगरी जनकपुरधामका ऐतिहासिक तथा धार्मिक सम्पदालाई स्वच्छ, सुन्दर तथा व्यवस्थित बनाउने उद्देश्यले मण्डल कुटी परिसरमा विशेष सरसफाइ कार्यक्रम सम्पन्न गरिएको छ।

बृहत्तर जनकपुर क्षेत्र विकास परिषद्अन्तर्गत हालै नियुक्त भएका २१ कर्मचारीहरूले संयुक्त रूपमा सरसफाइ अभियान सञ्चालन गर्दै धार्मिक स्थलको सरसफाई तथा वातावरणीय स्वच्छतामा योगदान दिएका हुन्।

मिथिला सभ्यता, संस्कृति र परम्पराको जीवित पहिचानका रूपमा रहेको जनकपुरधाम केवल धार्मिक आस्थाको केन्द्र मात्र नभई देशकै प्रमुख धार्मिक पर्यटन गन्तव्यका रूपमा परिचित रहेको छ। यहाँ रहेका मठ–मन्दिर, कुटी, पोखरी तथा विभिन्न धार्मिक धरोहरहरू हजारौँ श्रद्धालु तथा पर्यटकको आकर्षणका केन्द्र बनेका छन्। यस्ता सम्पदाको नियमित संरक्षण, सरसफाइ तथा व्यवस्थापनले धार्मिक पर्यटन प्रवद्र्धनमा सकारात्मक प्रभाव पार्ने अपेक्षा गरिएको छ।

कार्यक्रममा परिषद्की सांस्कृतिक प्रहरी मञ्जु मण्डलले विश्वप्रसिद्ध धार्मिक नगरी जनकपुरधामका धार्मिक तथा सांस्कृतिक सम्पदालाई स्वच्छ, सुरक्षित र व्यवस्थित राख्न आफूहरूको निरन्तर योगदान रहने बताएकी छन्।

उनले धार्मिक तथा सांस्कृतिक धरोहर केवल भौतिक संरचना नभई समाजको पहिचान, इतिहास र संस्कृतिसँग जोडिएको अमूल्य सम्पत्ति भएकाले यसको संरक्षण सबैको साझा दायित्व भएको उल्लेख गरेकी छन्।

स्थानीयवासीहरूले पनि यस्ता सरसफाइ तथा संरक्षण अभियानले जनचेतना अभिवृद्धि गर्नुका साथै धार्मिक स्थलप्रति नागरिकको जिम्मेवारीबोध अझ सुदृढ बनाउने विश्वास व्यक्त गरेका छन्।

कार्यक्रममा सहभागीहरूले धार्मिक सम्पदाको संरक्षण, वातावरणीय स्वच्छता तथा जनसहभागितामूलक अभियानलाई निरन्तरता दिन आवश्यक रहेको जनाइएको छ।

# स्वास्थ्य क्षेत्रमा कलम चलाउने २ महिला पत्रकार पुरस्कृत

**राकेश यादव**
**रौतहट।**



रौतहट जिल्लामा संचालित रेड टेलिभिजनका संचालिका रामा यादवको ५ औ पुण्य तिथिको अवसरमा २ जना महिला पत्रकारलाई पुरस्कृत गरिएको छ। २६ हजार नगद राशि भएको रामा यादव स्मृति पत्रकारिता पुरस्कार २०८१ , २०८२ बाट धनुषाका चांदनी झा र बाराकी शारदा पोखरेललाई सोमबार सदरमुकाम गौरमा रामा यादव स्मृति प्रतिष्ठान द्वारा आयोजित पुरस्कार वितरण कार्यक्रममा सम्मानित गरिएको हो।

स्वास्थ्यको क्षेत्रमा देखिएको वथिति र सुधारका पक्षमा कलम चलाउने महिला पत्रकारलाई सम्मानित गर्ने घोषणा अनुरूप दुवै जना महिला पत्रकारलाई सम्मानित गरिएको छ। जिल्ला समन्वय समितिको सभाहलमा आयोजित कार्यक्रममा सम्वोधन गर्दै मिडिया काउन्सिल मधेश प्रदेशका कार्यवाहक अध्यक्ष सुरेश यादवले अहिले संचारकर्मीहरुलाई एक ढिक्का भएर अघि बढ्नुपर्ने अवस्था सृजना भएको बताएका छन्।

नेपाल सरकारले गरेको निर्णयले निजी संचारगृह र संचारकर्मी समेत प्रभावित भएको उल्लेख गर्दै एकजुट भएर आफ्नो जिम्मेवारी बहन गर्नुपर्ने उनको भनाई छ। कोभीड़ महामारीको प्रकोप बढेको बेला मृत्यु बरन गरेकी संचार उद्यमी रामा यादव प्रति श्रद्धा सुमन अर्पण गर्दै अध्यक्ष यादवले सम्मानित हुने महिला संचारकर्मीलाई स्वास्थ्यको क्षेत्रमा अझ कलम चलाउन यो पुरस्कारले प्रेरित गर्ने विस्वास व्यक्त गरे।

कार्यक्रममा प्रमुख जिल्ला अधिकारी दिनेश सागर भुसाल ले पत्रकारिता लोकतन्त्रको आधारशिला भएकोले सत्य तथ्य को आधारमा कलम चलाउन आग्रह गरे। नागरिकको प्रतिनिधित्व गर्दै सत्यलाइ उजागर गर्नु पर्ने धर्म संचारकर्मीको भएकोले खोजमूलक समाचार प्रकाशित गर्नु पर्ने धारणा व्यक्त गरे।

अनु यादवको अध्यक्षतामाँ संपन्न भएको कार्यक्रममा जिल्ला समन्वय समितिका अध्यक्ष राम आयोध्या यादव, बरिष्ठ पत्रकार प्रभात कुमार झा, नेपाल पत्रकार महासंघ रौतहट शाखाका अध्यक्ष संजय कार्कीले आ–आफ्नो मन्तव्य राख्दै घोषणा गरिएको रामा यादव स्मृति पत्रकारिता पुरस्कारलाई निरन्तरता दिन जोड़ दिएका छन्।

कार्यक्रममा सुरक्षा निकायका प्रमुख संघ सस्थाका प्रतिनिधि र जिल्लामा विभिन्न संचार माध्यममाँ आवद्ध रहेका संचारकर्मीहरुको सहभागिता रहेको आयोजक सस्थाले जनाएको छ।

# दुई दिनदेखि बालक बेपत्ता खोजीकार्य जारी



**सिरहा।**
सिरहाको बरियारपट्टी गाउँपालिका–४ सोहपुरस्थित मामाघरमा बस्दै आएका तीन वर्षीय बालक अभियांशु कुमार यादव दुई दिनदेखि बेपत्ता भएका छन्। गत शनिबार दिउँसोदेखि सम्पर्कविहीन भएका बालकको अवस्था हालसम्म अज्ञात छ।

लक्ष्मीपुर पतारी गाउँपालिका–१ नवटोली घर भएका भोगेन्द्र यादवका छोरा अभियांशु मामाघरमा रहेकै बेला शनिबार बिहान करिब २ बजेदेखि बेपत्ता भएका थिए।

घरबाट करिब ५० मिटर उत्तरतर्फ रहेको पोखरीमा बालक डुबेको हुनसक्ने आशंकामा सशस्त्र प्रहरीको बर्दिवासस्थित बाहिनीबाट गोताखोर टोली परिचालन गरिएको प्रहरीले जनाएको छ।

सशस्त्र प्रहरी बल सिरहाका प्रमुख सशस्त्र प्रहरी उपरीक्षक सुमनजङ्ग थापाले गोताखोर टोलीले पोखरीको गहिराइसम्म पुगेर खोजी गरिरहेको बताए। उनले भने, बर्दिवासबाट आएको गोताखोरसहितको विशेष टोलीले पोखरीमा खोजी जारी राखेको छ। हालसम्म बालकको कुनै सुराक फेला परेको छैन।

बरियारपट्टी गाउँपालिका–४ का वडाध्यक्ष नवीन यादवले सुरुमा स्थानीयस्तरबाटै खोजी गरिए पनि पत्ता नलागेपछि हाल सशस्त्र प्रहरीको टोली परिचालन गरिएको बताए। रासस

# मोटरसाइकलको ठक्करबाट एकजनाको मृत्यु

**मधेशदृष्टि**
**सर्लाही।**
सर्लाहीको ईश्वरपुर नगरपालिका–२ राईटरखोरमा मोटरसाइकलले साइकललाई ठक्कर दिँदा एक जनाको मृत्यु भएको छ भने एक जना घाइते भएका छन्।

जिल्ला प्रहरी कार्यालय सर्लाहीका प्रवक्ता एवम् डीएसपी सरोज राईका अनुसार मियाँखोरबाट सुकनाहातर्फ जाँदै गरेको बीआर ३० ई ६९०२ नम्बरको भारतीय मोटरसाइकलले विपरीत दिशाबाट आउँदै गरेको साइकललाई सोमबार राति करिब ८:१५ बजे ठक्कर दिएको हो। दुर्घटनामा साइकल चालक ईश्वरपुर–२ राईटरखोरका किसुन देव साह गम्भीर घाइते भएका थिए। उनलाई उपचारका लागि प्रादेशिक अस्पताल मलंगवा लगिएकोमा चिकित्सकले मृत घोषणा गरेका हुन्।

त्यसैगरी, मोटरसाइकलको पछाडि सवार १४ वर्षीय बिक्की कुमार राउत सामान्य घाइते भएका छन् र उनको उपचार भइरहेको प्रहरीले जनाएको छ। दुर्घटनापछि मोटरसाइकल चालक सोही स्थानका मनिष साहलाई प्रहरीले नियन्त्रणमा लिएको छ।

# विद्यार्थी संगठन खारेजी रोक्न सर्वोच्चले दियो अल्पकालीन अन्तरिम आदेश



काठमाडौं।
विद्यार्थी संगठन खारेज गर्ने वालेन्द्र शाह नेतृत्वको सरकारको निर्णयविरुद्ध दायर रिटमा सर्वोच्च अदालतले सोमबार अल्पकालीन अन्तरिम आदेश जारी गरेको छ।

सर्वोच्चले उक्त रिटमा कारण देखाऊ आदेश पनि जारी गर्दै अन्तरिम आदेशसम्बन्धी छलफल अघि बढाएको छ। न्यायाधीश श्रीकान्त पौडेलको एकल इजलासले सोमबार निवेदकको मागबमोजिम अल्पकालीन अन्तरिम आदेश दिँदै अन्तरिम आदेश छलफलका लागि दुवै पक्षलाई झिकाएको छ।

यस विषयमा सामाजिक सञ्जालमार्फत प्रतिक्रिया दिँदै अनेरास्ववियुका अध्यक्ष दीपक धामीले सर्वोच्चको आदेशलाई निरङ्कुशताविरुद्धको लडाइँको एउटा जित भनेका छन्। उनले सडक र न्यायालय दुवै मोर्चामा संघर्ष जारी रहने बताएका छन्।

यसअघि शुक्रबार विभिन्न विद्यार्थी संगठनहरूले संयुक्त रूपमा रिट दायर गरेका थिए। रिट दायर गर्नेमा नेकपा एमालेनिकट अनेरास्ववियु, नेकपा (माओवादी केन्द्र) निकट अनेरास्ववियु (क्रान्तिकारी), अखिल (छैटौं), अखिल (समाजवादी) सहितका विद्यार्थी संगठनहरू थिए।

निवेदकहरूले संविधानप्रदत्त मौलिक हक अन्तर्गतको संगठन गर्ने, भेला हुने र अभिव्यक्ति स्वतन्त्रताको अधिकारमाथि सरकारले हस्तक्षेप गरेको दाबी गरेका थिए।

उनीहरूले विद्यार्थी संगठन खारेज गर्ने निर्णयले राजनीतिक र शैक्षिक स्वतन्त्रतामाथि गम्भीर असर पार्ने उल्लेख गरेका थिए। रिटमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, गृह मन्त्रालय लगायतलाई विपक्षी बनाइएको थियो। रासस

# खाद्यवस्तु र मरमसलाको...

सूचकाङ्क चार दशमलव ७४ प्रतिशतले बढेको छ।

प्रदेशगत रूपमा समीक्षा महिनामा कोशी प्रदेशको वार्षिक विन्दुगत उपभोक्ता मुद्रास्फीति चार दशमलव ९८, मधेशको चार दशमलव ९१, बागमतीको चार दशमलव २०, गण्डकीको तीन दशमलव ८५, लुम्बिनीको पाँच दशमलव १५, कर्णालीको तीन दशमलव ८२ र सुदूरपश्चिम प्रदेशको तीन दशमलव ३९ प्रतिशत रहेको छ।

त्यस्तै गत काठमाडौँ उपत्यकाको वार्षिक विन्दुगत उपभोक्ता मुद्रास्फीति चार दशमलव ६९, तराईको चार दशमलव ८३, पहाडको चार दशमलव १८ र हिमालको तीन दशमलव २० प्रतिशत रहेको राष्ट्र बैङ्कले जनाएको छ।

# भ्रष्टाचार नियन्त्रण...

राष्ट्रपति पौडेलले सम्बोधनका क्रममा भने, 'स्टार्टअप नेपाल पोर्टलमार्फत एकै दिनमा कम्पनी दर्ता, कर छुट, बीउ पुँजी लगायतका सेवा प्रदान गरिनेछ।' नीति तथा कार्यक्रमले 'सीमारहित अर्थतन्त्र' र 'तौलरहित व्यापार' लाई राष्ट्रिय आर्थिक रणनीतिका रूपमा आत्मसात् गर्दै सूचना प्रविधिमा आधारित सेवा निर्यात, जलविद्युत्, पर्यटन र उच्च मूल्यका कृषि तथा हरित औद्योगिकीकरणलाई आर्थिक रूपान्तरणका प्रमुख आधार क्षेत्रका रूपमा विकास गर्ने घोषणा गरेको छ।

श्रम–निर्यातमा निर्भर अर्थतन्त्रलाई ज्ञान, सेवा, डिजिटल व्यापार, रिमोट वर्क र मूल्य अभिवृद्धि हुने सेवामुखी अर्थतन्त्रमा रूपान्तरण गरिने विषय नीति तथा कार्यक्रममा समेटिएको छ। अन्तर्राष्ट्रिय पेमेन्ट गेटवेलाई कानुनी मान्यता दिई विदेशी मुद्रा आर्जन र कर व्यवस्थापनलाई सहज बनाइने तथा निर्यात प्रतिस्पर्धात्मकता अभिवृद्धि, बजार विविधीकरण, एकीकृत व्यापार रणनीति र औद्योगिक लजिष्टिक गुरुयोजना कार्यान्वयन गरिने नीति कार्यक्रममा उल्लेख छ।

# अध्यादेश खारेज गर्न एमाले सांसदको माग



**काठमाडौं।**
सोमबार बसेको प्रतिनिधिसभामा नेकपा एमालेकी सचिव तथा सांसद पद्मा अर्यालले सरकारले ल्याएका अध्यादेशहरू तत्काल खारेज गर्न माग गरेकी छन्।

संसद्मा बोल्दै उनले सरकारले 'नयाँ सोच र नयाँ गति' भन्दै अघि बढे पनि व्यवहारमा त्यसको प्रतिविम्ब नदेखिएको र सरकार निर्णय प्रक्रियामा उठ्ने प्रश्नबाट भाग्न खोजिरहेको आरोप लगाइन्।

अर्यालले न्यायपालिकासम्बन्धी व्यवस्था कार्यपालिकाको इच्छाअनुसार नभई, विधि र प्रक्रियाअनुसार हुनुपर्नेमा जोड दिइन्। उनले राजनीतिक आस्थालाई सीमित गर्ने गरी विद्यार्थी संगठन र ट्रेड युनियनसम्बन्धी प्रावधान अध्यादेशमार्फत ल्याइएको भन्दै आपत्ति जनाइन्।

उनले भनिन्, 'आज हामी खतराको सङ्घारमा छौं। सरकारले नयाँ सोच र गति भने पनि व्यवहारले त्यो देखाएको छैन। सरकार आफ्ना निर्णयमाथि उठ्ने प्रश्नबाट भाग्न खोजिरहेको छ। न्यायपालिकाको प्रमुख प्रधानमन्त्रीको तर्जुमा अनुसार हुने कुरा ठिक होइन।'

अर्यालले यस्ता कदमले लोकतान्त्रिक मूल्य कमजोर पार्ने र तानाशाही प्रवृत्तितर्फ लैजाने खतरा रहेको दाबी गरिन्। उनले संसद्भन्दा सरकार माथि हुन नसक्ने स्पष्ट गर्दै प्रस्तुत सबै अध्यादेशहरू तत्काल खारेज गर्न माग गरिन्।

# सुकुम्वासी प्रकरणमा खुश्बुको आक्रोशः गरिब मर्दा सरकारलाई मतलब हुँदो रहेनछ

**काठमाडौं।**
राष्ट्रिय प्रजातन्त्र पार्टीकी सांसद खुश्बु ओलीले प्रतिनिधिसभाको बैठकमा सुकुम्बासीमाथि भएको डोजर आतंक सरकारको मौनताको तीव्र आलोचना गरेकी छन्।



उनले मानवीय संवेदनाशून्य व्यवहारप्रति आक्रोश व्यक्त गर्दै 'रुल अफ ल' को साटो 'रुल बाइ वि' गरिएको आरोप लगाएकी छन्।

सोमबार बसेको प्रतिनिधि सभाको बैठकमा सम्बोधन गर्दै सांसद ओलीले भनिन्, 'दुई–दुईजना सुकुम्बासीले ज्यान गुमाउँदा सरकार बोलेन। सरकारले मौनता साँध्यो। गरिब मर्दा पनि सरकारलाई मतलब हुँदो रहेनछ।'

राष्ट्रिय स्वतन्त्र पार्टीको सरकारलाई लक्षित गर्दै उनले भनेकी छन्, 'सिंहदरबार त सयवटा बनाउन सकिन्छ तर मानवीय ज्यान ठूलो हो भन्थे राष्ट्रिय स्वतन्त्र पार्टीका सांसदहरूले। सुकुम्बासीको ज्यान जाँदा चाहिँ किन रास्वपाको सरकारले बोल्नुपर्दैन।'

उनले उद्धार गरिएको ठाउँमा डोजर चलाएको घटनालाई लिएर प्रश्न गरिन्। 'उद्धार गरिएको ठाउँमा कसरी डोजर चल्छ। काठमाडौंबाट ४८ घण्टामा कोठा सार्न सकिँदैन। मानवीय मूल्य मान्यता र संवेदनाको पनि ख्याल नगरी गरिएको यो ज्यादती हो सरकारको', उनले भनिन्।

सांसद ओलीले प्रतिनिधिसभालाई सरकारको छायामा पार्न खोजिएको बताइन। 'रुल अफ ल त परको कुरा यहाँ त रुल बाइ वि भएको छ। प्रतिनिधि सभालाई छाया पारेको भन्ने भएको छ। प्रतिनिधि सभा सरकारको कठपुतली होइन', उनले भनिन्। प्रतिपक्षबाट सत्तामा गएका सांसदहरूप्रति पनि उनले प्रश्न उठाइन्। 'प्रतिपक्षबाट सत्ता पक्षमा पुगेका सांसद किन अडान लिन सकेका छैनन्?', उनले भनिन्।

सुकुम्बासी समस्या, डोजर कारबाही र अध्यादेश प्रकरणलाई लिएर प्रतिपक्षी दलहरूबाट सरकारविरुद्धको आलोचना लगातार बढ्दै गएको छ। सोमबार यही प्रकरणमा प्रतिपक्षीले सरकारलाई घेरेका छन्।


## अधिकतम खूद्रा बिक्रि मुल्य (MRP) प्रकाशनको सुचना

यस कम्पनीले CHINA बाट पैठारी गरेका देहायको माल बस्तूहरुको अधिकतम खूद्र बिक्रि मुल्य निम्न बमोजिम भएको ब्यहोरा सर्व साधारणको जानकारीको लागी प्रकाशन गरिएको छ

| सिं.न. | मालवस्तुको विवरण | आकार।प्रकार | ब्राण्ड | मोडेल | क्षमता | उत्पतिको मुलुक राष्ट्र | ईकाई | प्रतिईकाई मुल्य | अधिकतम खुद्रा विक्रि मुल्य MRP | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | SPLIT AIR CONDITIONER | | VELTECH | JMAC12K2026 | 1 TON | CHINA | SET | NPR | 55,000.00 | |
| 2 | CHEST FREEZER | | VELTECH | JMCF-208E00C2026 | 158 LITRE | CHINA | PCS | NPR | 35,000.00 | |
| 3 | CHEST FREEZER | | VELTECH | JMCF-400E00C2026 | 358 LITRE | CHINA | PCS | NPR | 55,000.00 | |
| 4 | CHEST FREEZER | | VELTECH | JMCF-600E00C2026 | 550 LITRE | CHINA | PCS | NPR | 73,000.00 | |
| | | | | | | | | | | |

विक्रेता फर्मको नाम जय माँ ईलेक्ट्रोनिक्स
ठेगाना बिरगंज बाईपास-२
स्थायि लेखा न 302637148
फोन 051-531107,529772

# लालबकैया नदीको पुल निर्माणको काम सुस्त गतिमा



**मधेशदृष्टि**
**रौतहट।**
रौतहटको गौर नगरपालिका र इशनाथ नगरपालिका जोड्ने लालबकैया नदीस्थित टिकुलियाघाट पुल निर्माणको काम सुस्त गतिमा अघि बढेको छ । पछिल्ला दिनहरूमा निर्माण कार्य थप ढिलाइ भएको सडक डिभिजन कार्यालय रौतहटले जनाएको छ।

सडक डिभिजन कार्यालय रौतहटका प्रमुख अरुणकुमार लाल कर्णका अनुसार पर्याप्त बजेट अभावका कारण पुल निर्माणले गति लिन सकेको छैन । उनका अनुसार गौर नगरपालिका–४ स्थित लालबकैया नदीको टिकुलियाघाटमा निर्माणाधीन पुलका लागि चालु आर्थिक वर्षमा विनियोजित बजेट सकिएको छ। निर्माण कम्पनीले रनिङ बिल पेस गरेअनुसार करिब चार करोड रुपियाँ भुक्तानी दिन बाँकी रहेको उनले बताए । छ स्पानमध्ये पाँच स्पानको ढलान कार्य पूरा भइसकेको छ भने बाँकी काम बजेट अभावका कारण अघि बढ्न नसकेको कार्यालयले जनाएको छ।

टिकुलियाघाट पुल भ्याटसहित २७ करोड ६६ लाख ८ हजार १७६ रुपियाँ लागतमा निर्माण गर्ने गरी २०८० असोज ९ गते आजाद दिपु एन्ड कम्पनी जेभीसँग सम्झौता गरिएको थियो।

२०८३ असार ३० गतेभित्र निर्माण सम्पन्न गर्ने गरी जिम्मा दिइएको हो।

निर्माण कम्पनीका प्रोपाइटर रामसागर चौरसियाले सामग्रीको मूल्य वृद्धि र भुक्तानी नहुँदा काम सुस्त भएको बताए। उनले सम्पन्न कामको रनिङ बिल पेस गरे पनि भुक्तानी नपाएको गुनासो गरे । कार्यालय प्रमुख कर्णले समयमै निर्माण सम्पन्न गर्न आवश्यक बजेट माग गरे पनि मन्त्रालयबाट ढिलाइ भइरहेको गुनासो गरे।

यसअघि यही पुल निर्माणको जिम्मा पप्पु कन्स्ट्रक्सनले लिएको थियो । २०७१ असार २९ मा सम्झौता भएको उक्त योजना २०७४ असार २५ भित्र सम्पन्न गर्नुपर्ने थियो। तर समयमै काम पूरा नभएपछि २०८० असार १५ मा ठेक्का तोड्दै कम्पनीलाई कालोसूचीमा राखिएको थियो।

# २१ वर्षपछि सवारी ज्यान मुद्दाका अभियुक्त पक्राउ




**मधेशदृष्टि**
**वीरगंज।**
सवारी दुर्घटनामा गम्भीर घाइते एक पैदल यात्रुको उपचारका क्रममा मृत्यु भएपछि फरार सवारी चालकलाई घटनाको २१ बर्ष पछि प्रहरीले पक्राउ गरेको छ।

पक्राउ पर्ने पर्सागढी नगरपालिका–५ पचरुखी बस्ने बर्ष ४७ का दिनेश प्रसाद यादव हुन्।

जिल्ला प्रहरी कार्यालय पर्साका अनुसार विसं २०६२ साल मंसिर १५ गते हालको महानगरपालिका –१४ चिनीमिल आवास क्षेत्र अगाडिको सडकखण्डमा दुर्घटना भएको थियो।

यादवले चलाएको ना ३ प ६३६२ नम्बरको मोटरसाइकलले पैदल यात्री बाराको जीतपुरसीमरा उपमहानगरपालिका– २० बस्ने बर्ष ६५ को कालिका सिंह राजपुतलाई ठक्कर दिएको थियो।

दुर्घटनामा गम्भीर घाइते भएका राजपुतलाई तत्काल उपचारका लागि ललितपुरस्थित बी एण्ड बी अस्पताल पठाइएकोमा उपचारकै क्रममा घटनाको ११ दिन पछि राजपुतको मृतु भएको थियो । दुर्घटनापछि मोटरसाइकल चालक यादव फरार थिए। प्रहरीका अनुसार विशेष सूचनाको आधारमा यादवलाई वडा प्रहरी कार्यालय श्रीपुरबाट खटिएको टोलीले सोमवार बिहान उनकै घरबाट पक्राउ गरेको हो।

पक्राउ परेका चालकविरुद्ध सवारी ज्यान सम्बन्धी कसुरमा थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय पर्साले जनाएको छ।

# सम्झौता कार्यान्वयनको माग गर्दै प्रजिअमार्फत प्रमलाई ज्ञापन

**मधेशदृष्टि**
**वीरगंज।**
राष्ट्र, राष्ट्रियता, धर्म, संस्कृति र नागरिक बचाउ महाअभियान नेपाल, पर्साले सोमवार जिल्ला प्रशासन कार्यालय मार्फत प्रधानमन्त्रीलाई ज्ञापनपत्र पठाएको छ।

नेपाल सरकारले विभिन्न समयमा गरेका सम्झौता कार्यान्वयन तथा आर्थिक–वित्तीय शोषणविरुद्ध न्यायको माग गर्दै ज्ञापनपत्र पठाएका हुन्।

महाअभियानका पर्सा संयोजक शम्भु प्रसाद चौरसियाले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार काठमाडौंलाई सम्बोधन गर्दै जिल्ला प्रशासन कार्यालय पर्साका प्रमुख जिल्ला अधिकारी भोला दाहाल मार्फत ज्ञापनपत्र बुझाएका हुन्।

ज्ञापनपत्रमा लामो समयदेखि बैंक तथा वित्तीय संस्थाबाट सर्वसाधारण नागरिकमाथि आर्थिक तथा वित्तीय शोषण, अन्याय र उत्पीडन हुँदै आएको उल्लेख गरिएको छ।

श्रमजीवी तथा निम्न वर्गीय नागरिकहरू विशेष गरी पीडित बन्दै आएको भन्दै न्याय, अधिकार र सम्मान सुनिश्चित गर्न राज्य गम्भीर बन्नुपर्ने माग गरिएको छ । विगतमा सरकारसँग पटक–पटक संवाद, वार्ता र सहमति भएको स्मरण गराउँदै महाअभियानले, विशेषगरी सुशीला कार्की नेतृत्वको सरकारसँग भएको १२ बुँदे सम्झौताले पीडित नागरिकको समस्या समाधानको आधार तयार गरेको दाबी गरेको छ।

ज्ञापनपत्र बुझाउने टोलीमा महाअभियान पर्साका उपाध्यक्ष राजेश चौहान, सचिव अजय पौडेल, सहसचिव तथा प्रवक्ता पवन प्रसाद साह, सदस्य हरिनारायण चौरसिया लगायतको सहभागिता थियो।

# कलश मिल्क इन्डस्ट्रिजमा छापा

**मधेशदृष्टि**
**वीरगंज।**
उपभोक्ता हित संरक्षण मञ्चको उजुरीपछि पर्साको पकाहा मैनपुर गाउँपालिका–१ धोरेस्थित कलश मिल्क इन्डस्ट्रिज प्रा.लि. मा अनुगमन टोलीले छापा मारेको छ। दुग्ध तथा दुग्धजन्य पदार्थ उत्पादन गर्दै आएको उक्त उद्योगमा तोकिएको स्वच्छता तथा गुणस्तर मापदण्ड उल्लंघन भएको पाइएको अनुगमन टोलीले जनाएको छ।

टोलीका अनुसार उद्योगले 'दुग्ध तथा दूध पदार्थ उत्पादनको स्वच्छता एवं गुणस्तर निर्देशिका–२०७५" अनुसार आवश्यक मापदण्ड पूरा नगरेको पाइएको हो।

उद्योगमा दूध, आइसक्रिम, घ्यू, खोवा तथा पनिर उत्पादन हुँदै आएको छ । अनुगमनका क्रममा उद्योग परिसरमा सरसफाइको कमी, उत्पादनमा प्रयोग हुने उपकरण जिर्ण अवस्थामा रहेको तथा आवश्यक कागजात अद्यावधिक नभएको फेला परेको जनाइएको छ।



उद्योगको अवस्थाले उपभोक्ताको स्वास्थ्यमा जोखिम बढाउन सक्ने भन्दै अनुगमन टोलीले तत्काल सुधार गर्न निर्देशन दिएको छ।

टोलीले उद्योगलाई लिखित निर्देशन जारी गर्दै २४ घण्टाभित्र आवश्यक कागजातसहित सम्बन्धित कार्यालयमा उपस्थित हुनसमेत आदेश दिएको छ । तोकिएको समयभित्र स्पष्टीकरण नदिए खाद्य ऐनअनुसार थप कारबाही गरिने चेतावनीसमेत दिइएको छ।

अनुगमनमा सहभागी अधिकारीहरूले उपभोक्ताको स्वास्थ्यसँग प्रत्यक्ष जोडिएका उद्योगहरूमा गुणस्तर मापदण्डको कडाइका साथ पालना आवश्यक रहेको बताएका छन् । आगामी दिनमा यस्ता उद्योगमा नियमित तथा कडा अनुगमनलाई निरन्तरता दिइने उनीहरूको भनाइ छ । अनुगमन टोलीमा वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण कार्यालय वीरगंज, खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय, जिल्ला प्रशासन कार्यालय, उपभोक्ता हित संरक्षण मञ्चका प्रतिनिधि, स्थानीय जनप्रतिनिधि तथा सञ्चारकर्मीहरूको सहभागिता रहेको थियो।

# बिना जानकारी होस्टलबाट निस्किएका तीनजना बालकलाई सुरक्षित उद्धार

**मधेशदृष्टि**
**सप्तरी।**
सप्तरीको सुरुङ्गा नगरपालिका–४ कदमाहा क्षेत्रमा प्रहरीले होस्टेलबाट बिना जानकारी बाहिर निस्किएका तीनजना बालकलाई सुरक्षित रूपमा उद्धार गरिएको छ। प्रहरी चौकी लक्ष्मीपुर सप्तरीबाट खटिएको टोलीले लहानबाट कदमाहातर्फ पैदल हिँडिरहेका तीन बालकलाई शंकास्पद अवस्थामा देखेपछि नियन्त्रणमा लिई सोधपुछ गरेको थियो।

प्रारम्भिक सोधपुछका क्रममा ती बालकहरू लहानस्थित गोल्डेन इङ्गलिश बोर्डिङ्ग स्कुलमा होस्टेलमा बस्दै अध्ययनरत रहेको र कसैलाई जानकारी नदिई होस्टेलबाट बाहिर निस्किएको खुलेको प्रहरीले जनाएको छ । उद्धार गरिएका बालकहरूमा सप्तरीको बोदेबर्साइन नगरपालिका–३ गौरा टोल निवासी पंकज मण्डलका १२ वर्षीय प्रिन्स मण्डल, वरुण ठाकुरका १० वर्षीय दुर्गानन्द ठाकुर र सन्तोष यादवका ७ वर्षीय विकास यादव रहेका छन्।

प्रहरीका अनुसार बालकहरू लामो दूरी पैदल यात्रा गरिरहेका कारण उनीहरूको सुरक्षालाई ध्यानमा राख्दै तत्काल नियन्त्रणमा लिई प्रहरी चौकी लक्ष्मीपुरमा ल्याइएको थियो । त्यसपछि आवश्यक विवरण संकलन गरी उनीहरूका अभिभावकहरूसँग सम्पर्क गरेर सुरक्षित रूपमा जिम्मा लगाइएको बताइएको छ।

# शिक्षक शिक्षिकाका सन्तानलाई २५ प्रतिशत छात्रवृत्ति

**मधेशदृष्टि**
**वीरगंज।**
वीरगंज कलेजले जुनसुकै संस्थागत तथा सामुदायिक विद्यालयमा कार्यरत शिक्षक–शिक्षिकाका सन्तानलाई २५ प्रतिशत छात्रवृत्ति प्रदान गर्ने घोषना गरेको छ । कलेज व्यवस्थापन समितिको आज बसेको बैठकले उक्त निर्णय गरेको हो । कलेजले शिक्षा क्षेत्रमा योगदान पु-याइरहेका शिक्षक–शिक्षिकाको सम्मानस्वरूप उनीहरूका सन्तानलाई उच्च शिक्षामा सहज पहुँच दिलाउने उद्देश्यले छात्रवृत्ति योजना ल्याइएको जनाएको छ।

आगामी शैक्षिक सत्रदेखि लागू हुने गरी शिक्षकका सन्तानलाई विभिन्न शैक्षिक कार्यक्रममा २५ प्रतिशतसम्म शुल्क छुट प्रदान गरिनेछ। कलेजका प्रबन्ध निर्देशक डा. दिपेन्द्र कुमार चौधरीले शिक्षकहरू समाज निर्माणका आधारस्तम्भ भएको उल्लेख गर्दै उनीहरूको परिवारलाई सहयोग गर्नु कलेजको सामाजिक दायित्व भएको बताए । यसबाट शैक्षिक गुणस्तर बढ्ने पनि उनको विश्वास छ । यसैगरि एस ईमा ३.६१ जिपीए भन्दा माथि अंक हासिल गरेका सम्पुर्ण विद्यार्थी वीरगंज कलेजमा निश्शुल्क अध्यापन गराइने सो कलेजले निर्णय गरेको छ । कलेजले गरेको निर्णय अनुसार फुटवल खेलाडी, क्रिकेट खेलाडी विद्यार्थीहरू साथै बार्षिक परिक्षा र त्रैमासिक परिक्षामा उत्कृष्ठ अंक हासिल गर्ने विद्यार्थीहरूका लागि पनि छात्रबृति व्यवस्था गरिएको कलेजका निर्देशक डा. चौधरीले बताए।

# विद्युत प्राधिकरण सप्तरीका प्रमुखविरुद्ध विशेष अदालतमा आरोपपत्र दायर




**मधेशदृष्टि**
**सप्तरी।**
अख्तियार दुरुपयोग अनुसन्धान आयोगले नेपाल विद्युत प्राधिकरण, कञ्चनपुर वितरण केन्द्र सप्तरीका प्रमुख महेन्द्र कुमार दासविरुद्ध विशेष अदालत काठमाडौँमा आरोपपत्र दायर गरेको छ । चार्जिङ स्टेसनको ट्रान्सफर्मर राखी विद्युत लाइन जडान गरिदिने प्रयोजनका लागि सेवाग्राहीसँग घुस लिएको पुष्टि भएपछि आयोगले आज मुद्दा दायर गरेको हो।

आयोगका प्रवक्ता सुरेश न्यौपानेका अनुसार वितरण केन्द्रका प्रमुख दासले चार्जिङ स्टेसन सञ्चालनका लागि विद्युत लाइन छाडिदिन बार्गेनिङ गरिरहेको र घुस नदिए लाइन काटिदिने धम्की दिएको उजुरी परेको थियो। सोही सूचनाका आधारमा अख्तियारको इटहरी कार्यालयबाट खटिएको टोलीले उहाँलाई सेवाग्राहीबाट एक लाख ४० हजार रुपियाँ घुस लिइसकेको अवस्थामा रकमसहित नियन्त्रणमा लिएको थियो । अनुसन्धानका क्रममा दासले नियमानुसार सम्पन्न भइसकेको कार्यका लागि घुस मागेको र रकम लिएको तथ्य स्थापित भएको अख्तियारले जनाएको छ।

# कलैयाका दुईवटा मिठाई पसललाई जरिवाना



**मधेशदृष्टि**
**कलैया।**
बाराको कलैया उपमहानगरपालिकामा गरिएको संयुक्त बजार अनुगमनका क्रममा दुई वटा मिठाई पसललाई जरिवाना गरिएको छ भने विभिन्न पसलबाट अखाद्य तथा म्याद गुज्रिएका सामग्री बरामद गरी नष्ट गरिएको छ । जिल्ला प्रशासन कार्यालय बाराका सहायक प्रमुख जिल्ला अधिकारी छविरकण भट्टराईको नेतृत्वमा खटिएको संयुक्त टोलीले कलैयाका सात वटा पसलमा छड्के अनुगमन गरेको हो । अनुगमनका क्रममा कलैया–६ बरियारपुर रोडस्थित माँ अन्नपूर्ण स्विट्स एन्ड बेकरी मा गुणस्तरहीन खाद्य सामग्री बिक्री गरिएको तथा मूल्य सूची नराखिएको पाइएपछि उपभोक्ता संरक्षण ऐन, २०७५ अनुसार ५० हजार रुपैयाँ जरिवाना गरिएको जनाएको छ। त्यसैगरी कलैया–५ स्थित केसर स्विट्स मा म्याद गुज्रिएको आइसक्रिम र मःम फेला परेपछि २० हजार रुपैयाँ जरिवाना गरिएको अनुगमन टोलीले जनाएको छ।

कलैया–४ स्थित रोशन बाबु जेनेरल स्टोर मा म्याद नाघेको खाने तेल फेला परेपछि उक्त सामग्री पसल अगाडि नै नष्ट गरिएको थियो। अनुगमन टोलीले केही होटल तथा मासु पसललाई आवश्यक कागजातसहित तीन दिनभित्र सम्बन्धित कार्यालयमा उपस्थित हुन निर्देशनसमेत दिएको छ । अनुगमनका क्रममा नापतौल अनुमति पत्र नभएको, मूल्य सूची नराखिएको तथा खाद्य गुणस्तरसँग सम्बन्धित कमजोरी भेटिएपछि केही व्यवसायीलाई चेतावनीसमेत दिइएको छ।

संयुक्त अनुगमन टोलीमा प्रशासन, खाद्य प्रविधि, उपभोक्ता संरक्षण, गुणस्तर मापन, प्रहरी तथा उपभोक्ता अधिकारकर्मीहरूको सहभागिता रहेको थियो।

# सडेको अवस्थामा पुरुषको शव फेला

**मधेशदृष्टि**
**सर्लाही।**
सर्लाहीमा सडेको अवस्थामा एक पुरुषको शव फेला परेको छ।

जिल्ला प्रहरी कार्यालय सर्लाहीका प्रवक्ता तथा डीएसपी सरोज राईका अनुसार आइतबार साँझ करिब ४:३० बजे गोडैता नगरपालिका–६ बग्दहस्थित चिनी मिल नजिक हुलाकी सडक खण्डको छेउमा बेवारिसे अवस्थामा शव फेला परेको हो । स्थानीयवासीले सडक आसपासबाट दुर्गन्ध आएपछि प्रहरीलाई खबर गरेका थिए।

सूचना प्राप्त भएपछि प्रहरी चौकी गोडैताबाट प्रहरी टोली घटनास्थल पुगेको थियो।

प्रहरीका अनुसार अन्दाजी ४० देखि ४५ वर्ष उमेर समूहका पुरुषको शव सडेगलेको अवस्थामा भेटिएको हो । शव अत्यधिक सडेकाले मृतकको पहिचान खुल्न सकेको छैन । मृतकको शव पोस्टमार्टमका लागि प्रादेशिक अस्पताल मलंगवामा राखिएको प्रहरीले जनाएको छ।

घटनाबारे थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय सर्लाहीले जनाएको छ।

# पथलैया–अमलेखगन्ज सडक खण्डमा २ ओभर पास निर्माणको सुझाव

**मधेशदृष्टि**
**वीरगंज।**
वन्यजन्तुको परम्परागत पदमार्गमा पर्ने पर्सा राष्ट्रिय निकुन्ज अन्तर्गत त्रिभुवन राजपथको पथलैया–अमलेगखगन्ज सडक खण्डमा २ ओभर पास निर्माणको सुझाव दिएको ◌े छ।

पर्सा निकुन्जका संरक्षण एवम् सूचना अधिकृत सन्तोषकुमार भगतले सडक विभागले त्रिभुवन राजपथको यो खण्ड बिस्तार गर्ने तयारी गरेकाले बिस्तारअघि निकुन्ज प्रशासन, नेपाली सेना, स्थानीय बासिन्दा लगायत सरोकारवालासँग सुझाव मागेपछि निकुन्ज प्रशासनले यस्तो सुझाव दिएको जानकारी दिएका छन्।

निकुन्जको अति संवेदनशील क्षेत्र भएर गएको त्रिभुवन राजपथमा वन्यजन्तुको क्षति न्यूनीकरणका लागि बिभिन्न विकल्पबारे हालै विभागले सरोकारवालाको सुझाव मागेको थियो।

# पर्सा र बारामा औद्योगिक गणना संचालन गरिने

**मधेशदृष्टि**
**वीरगंज।**
औद्योगिक तथा व्यापारिक जिल्ला पर्सा र बारा जिल्लामा राष्ट्रिय औद्योगिक गणना सञ्चालन गरिने भएको छ । 'अर्थतन्त्रको मापनका लागि आर्थिक गणना' भन्ने नारासहित सञ्चालन हुन लागेको उक्त गणनाअन्तर्गत विभिन्न उद्योग, व्यापार व्यवसाय तथा सेवा क्षेत्रसँग सम्बन्धित तथ्याङ्क सङ्कलन गरिने जनाइएको छ।

राष्ट्रिय तथ्याङ्क कार्यालयअन्तर्गत जिल्ला आर्थिक गणना कार्यालय पर्साले विसं २०८३ वैशाख २ गतेदेखि असार ७ गतेसम्म गणक परिचालन गरी तथ्याङ्क सङ्कलन गर्ने तयारी गरेको हो । पर्साका सहायक प्रमुख जिल्ला अधिकारी विनोदकुमार पोखरेलले आर्थिक गणना सफल बनाउन सम्बन्धित सबै निकायलाई आवश्यक समन्वय र सहजीकरण गर्न आग्रह गरेका छन्।

उनका अनुसार गणनाका क्रममा उद्योग, व्यापारिक प्रतिष्ठान, शैक्षिक संस्था, स्वास्थ्य संस्था, बैंक तथा वित्तीय संस्था, सेवा प्रदायक सङ्घसंस्था तथा अन्य कार्यालयहरूबाट विवरण सङ्कलन गरिनेछ। सहायक प्रमुख जिल्ला अधिकारी पोखरेलले व्यवसाय तथा प्रतिष्ठानका गतिविधिसम्बन्धी सही र पूर्ण विवरण उपलब्ध गराई राष्ट्रिय आर्थिक गणना सफल बनाउन सबै सरोकारवालासँग सहयोगको अपिल गरे।

आर्थिक गणनामा दर्ता भएका वा नभएका, स्थायी वा अस्थायी प्रकृतिका सबै प्रकारका आर्थिक गतिविधि सञ्चालन गर्ने प्रतिष्ठान तथा व्यवसाय समावेश हुन सक्ने जनाइएको छ।

## सम्पादकीय

# नीति तथा कार्यक्रममा रास्वपाको छाया र कार्यान्वयनको चुनौती

नेपाल सरकारले हालै सार्वजनिक गरेको आर्थिक वर्ष २०८३–८४ को नीति तथा कार्यक्रमले मुलुकको शासकीय सुधार र आर्थिक पुनरुत्थानमा एक महत्वाकांक्षी फड्को मार्ने लक्ष्य राखेको देखिन्छ। राष्ट्रपति रामचन्द्र पौडेलद्वारा संघीय संसद्को संयुक्त बैठकमा प्रस्तुत यस दस्तावेजले 'सुशासन, सामाजिक न्याय र समृद्धि' लाई आफ्नो मुख्य आधार स्तम्भ मानेको छ । विशेषगरी, डिजिटल अर्थतन्त्रमा रूपान्तरण, भ्रष्टाचारविरुद्ध शून्य सहनशीलता र सेवा प्रवाहमा सरलीकरण जस्ता विषयहरूलाई प्राथमिकतामा राख्नुले सरकार परम्परागत शैलीभन्दा केही भिन्न र नतिजामुखी बन्न खोजेको संकेत गर्दछ। बहुमतको सरकारको नेतृत्व गरिरहेको राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) को 'वाचापत्र' सँग यस नीति तथा कार्यक्रमको तुलना गर्दा धेरै ठाउँमा स्पष्ट तालमेल देखिन्छ। रास्वपाले आफ्नो चुनावी घोषणापत्रमा उठाएका मुख्य एजेन्डाहरू जस्तै— संघीय मन्त्रालयको संख्या घटाएर १७ मा सीमित गर्ने, उच्च पदस्थ अधिकारीहरूको सम्पत्ति छानबिन गर्ने, र दलीय भ्रातृ संगठनहरूलाई सरकारी निकाय तथा शिक्षण संस्थाबाट हटाउने जस्ता बुँदाहरू नीति तथा कार्यक्रममा समावेश हुनुले पार्टीको एजेन्डाले सरकारको मूल मार्गचित्रमा बलियो प्रभाव पारेको पुष्टि गर्दछ। यसले रास्वपाका समर्थकहरूका लागि आफ्नो वाचा पूरा हुँदै गरेको सुखद सन्देश दिएको छ।

नीति तथा कार्यक्रममा समावेश गरिएका सातै प्रदेशमा महिलाका लागि निःशुल्क 'ब्लु बस' सेवा, विद्यार्थीका लागि कक्षा ५ सम्मको आन्तरिक परीक्षा खारेजी, र स्नातक तहसम्म अध्ययनका लागि नागरिकताको अनिवार्यता हटाउने जस्ता सामाजिक सुधारका कार्यक्रमहरू प्रत्यक्ष रूपमा रास्वपाको 'वाचापत्र' बाट साभार गरिएका हुन्। यी कार्यक्रमहरूले आम नागरिकको दैनिक जीवनमा प्रत्यक्ष प्रभाव पार्ने अपेक्षा गरिएको छ। विशेषगरी, स्वास्थ्य क्षेत्रमा १० प्रतिशत शय्या निःशुल्क उपलब्ध गराउने प्रावधानको कडा कार्यान्वयन र सार्वजनिक प्रशासनलाई तीन तहको झन्झटिलो प्रक्रियाबाट मुक्त गर्ने योजनाले रास्वपाको 'डेलिभरी' केन्द्रित राजनीतिको झलक दिन्छ।

यद्यपि, नीति तथा कार्यक्रम जति सुन्दर र आशालाग्दो देखिए पनि यसको सफलता कार्यान्वयनको कसीमा निर्भर रहनेछ। विगतमा पनि धेरै राम्रा कार्यक्रमहरू स्रोतको अभाव र प्रशासनिक ढिलासुस्तीका कारण कागजमै सीमित भएका उदाहरणहरू प्रशस्त छन्। रास्वपाको वाचापत्र अनुसारका क्रान्तिकारी परिवर्तनहरू, जस्तै मन्त्रालयको पुनर्संरचना र राजनीतिक हस्तक्षेपको अन्त्य, स्थापित कर्मचारीतन्त्र र परम्परागत राजनीतिक शक्तिहरूका लागि चुनौतीपूर्ण हुन सक्छन् । त्यसैले, बहुमतको आडमा मात्र नभई दृढ राजनीतिक इच्छाशक्ति र स्पष्ट कार्ययोजनाका साथ अघि बढ्नु सरकारका लागि अनिवार्य छ।

निष्कर्षमा, २०८३–८४ को नीति तथा कार्यक्रम रास्वपाको वाचापत्रको एउटा परिष्कृत रूप जस्तो देखिएको छ, जसले नेपाली राजनीतिमा नयाँ आशाको सञ्चार गरेको छ । सरकारले आफ्ना प्रतिबद्धताहरूलाई केवल नारामा मात्र सीमित नगरी जनस्तरमा अनुभूति हुने गरी कार्यान्वयन गर्न सकेमा मात्र यसको सार्थकता रहनेछ। रास्वपाका लागि यो आफ्नो चुनावी वाचा पूरा गर्ने र जनताको विश्वास जित्ने ऐतिहासिक अवसर हो। यदि यी योजनाहरू सफल भएमा यसले नेपालको शासकीय स्वरूपमा दूरगामी परिवर्तन ल्याउने निश्चित छ, अन्यथा यो अर्को एउटा महत्वाकांक्षी तर असफल दस्तावेजमा मात्र सीमित हुने जोखिम रहन्छ।

## युद्धका कारण रासायनिक मल आयात प्रभावित:

# खेत हुँदै भान्सासम्म संकटको जोखिम

***कृषि तथा पशुपन्छी विकास मन्त्रालयको मल शाखाले नेपालसँग दुई लाख टनभन्दा बढी रासायनिक मल मौज्दात रहेको दाबी गरेको छ। तर कृषि सामग्री कम्पनी र साल्ट ट्रेडिङसँग करिब एक लाख ५६ हजार टन मल मात्र भण्डारणमा छ।***



–रितेश त्रिपाठी

इरान र अमेरिकाबीचको युद्धको प्रभाव नेपालका किसानको खेतसम्म आइपुग्न लागेको छ । युद्धका कारण रासायनिक मलको आपूर्तिमा समस्या भए पनि सरकारले पर्याप्त भण्डारण भएको दाबी गरेको छ।

कृषि तथा पशुपन्छी विकास मन्त्रालयको मल शाखाले नेपालसँग दुई लाख टनभन्दा बढी रासायनिक मल युरिया मौज्दात रहेको दाबी गरेको छ। मल शाखाले असार साउनमा धान बालीका लागि रासायनिक मल अभाव नहुने पनि दाबी गरेको छ।

तर हाल नेपालमा करिब डेढ लाख टन मल मात्र मौज्दात रहेको देखिन्छ । त्यसमध्ये दैनिक ७०० टनभन्दा बढी खपत भइरहेको छ । रोपाइँको समयमा योभन्दा बढी माग हुने सरकारी अधिकारीहरू नै बताउँछन्।

नेपालमा मल आपूर्ति गर्ने मुख्य संस्था सरकारी स्वामित्वको कृषि सामग्री कम्पनी लिमिटेड र साल्ट ट्रेडिङ कर्पोरेसन लिमिटेड हुन् । कृषि सामग्री कम्पनीका प्रबन्ध सञ्चालक विष्णुप्रसाद पोखरेलका अनुसार, भाडामा लिइएको ३० हजार क्षमताको गोदामसहित कम्पनीसँग करिब एक लाख २० हजार टनको भण्डारण क्षमता छ । तर अहिले कम्पनीसँग करिब एक लाख १० हजार टन रासायनिक मल मौज्दात छ। प्रत्येक दिन ६०० देखि ७०० टन मल वितरणका लागि जाने गरेको पोखरेलको भनाइ छ।

त्यस्तै, साल्ट ट्रेडिङका प्रवक्ता कुमार राजभण्डारीले अहिले ४६ हजार मेट्रिक टन मल मौज्दात रहेको बताए। केही मल आउने प्रक्रियामा रहेको बताए पनि उनले मात्रा खुलाएनन्। साल्ट ट्रेडिङको यकिन भण्डारण क्षमता पनि उनले खुलाएनन् । 'अहिले मौज्दात मलले रोपइँका लागि समस्या नपर्ला । रोपाइँपछिको अवस्थामा अपुग हुनसक्ने हुँदा सरकारले तयारी गर्नुपर्छ । भण्डारण क्षमता आवश्यकता अनुसार बढाउन सकिन्छ,' उनले भने।

कृषि सामग्री र साल्ट ट्रेडिङको भण्डारणमा भएको मल र सरकारले मौज्दात मल दाबी गरेको विवरण मिल्दैन। त्यसो भए मन्त्रालयले दाबी गरेको दुई लाख टन रासायनिक मल कहाँ भण्डारण गरेको छ?

कृषि तथा पशुपन्छी विकास मन्त्रालयको मलसम्बन्धी विषय हेर्ने कृषि विकास महाशाखा प्रमुख डा. रामकृष्ण श्रेष्ठ भाडाका गोदामसमेतमा गरी दुई लाख टन नै मल भण्डारण गर्ने क्षमता रहेको दाबी गर्छन् । आयातका लागि सम्झौता गरिसकेको मलको परिमाण हेर्दा अहिले चिन्ताजनक अवस्थामा नरहेको र कृषि सामग्री कम्पनी तथा भाडामा लिइएका गोदाममा मल भण्डारण गर्न सकिने उनको दाबी छ।

डा. श्रेष्ठ भन्छन्, 'भण्डारण र गोदाम हाम्रो समस्या होइन, मुख्य समस्या मल खरिदको लागि बजेटको हो। नेपालमा वर्षभरिमा करिब आठ लाख टन मल चाहिन्छ, तर यस परिमाणमा मल कहिले पनि आपूर्ति हुन पाएको छैन।'

यो सिजनमा धानबालीका लागि मल हाहाकार नहुने श्रेष्ठको दाबी छ। सरकारले अनुदान दिने युरिया र डीएपी बाहेक अरू विभिन्न प्रकारका मल पनि कृषिका लागि आवश्यक पर्छ । त्यसको आपुर्ति निजी क्षेत्रमार्फत खुल्ला बजारबाट हुन्छ । भन्सार विभागको तथ्यांकअनुसार ५० हजार टनको हाराहारीमा निजी क्षेत्रले यस्ता मल आयात गर्ने गरेको देखिन्छ। मलको अधिक खपत हुने दक्षिणी सीमावर्ती क्षेत्रमा सीमा पारिबाट किसानले आफै पनि भारतीय मल ल्याउने र उपभोग गर्ने गरेको अनौपचारिक जानकारी रहेको श्रेष्ठले बताए।

नेपालमा सरकारी अनुदानसहितको रासायनिक मल कृषि सामग्री कम्पनी लिमिटेड र साल्ट ट्रेडिङ लिमिटेडबाट आपूर्ति हुँदै आएको छ। मन्त्रालयका अनुसार, रासायनिक मल आपूर्तिको लागि २८ अर्ब ८२ करोड १४ लाख रुपैया बजेट सरकारले उपलब्ध गराएको छ।

अघिल्लो आर्थिक वर्षमा टेन्डर भएर साउनभन्दा यता आइपुगेको मल र यसपालिको बजेटबाट भएको आयात चार लाख ९१ हजार ३०० टन जोड्दा अहिलेसम्म पाँच लाख २५ हजार टन नेपाल भित्रिइसकेको श्रेष्ठले बताए। यसमध्ये दुई लाख टनभन्दा बढी मल सरकारसँग मौज्दात रहेको उनको दाबी छ । अपुग हुने मल भारतबाट जीटुजी (गभर्नमेन्ट टु गभर्नमेन्ट) भएर ल्याउन प्रस्ताव गरिएको र भारत सकारात्मक देखिएको उनले बताए।

### पश्चिम एशियाको तनावले भारत आफै समस्यामा

विश्वकै सबैभन्दा ठूलो युरिया आयातकर्ता भारतले रासायनिक मलको सम्भावित संकट सामना गर्न एउटै टेन्डरमार्फत रेकर्ड २५ लाख मेट्रिक टन युरिया आयात गर्न लागेको भारतीय संचारमाध्यमहरूले जनाएका छन्। सन् २०२५ मा भारतको कुल आयात करिब १ करोड टन थियो। योपालि २५ लाख टनको यो खरिदले कुल आवश्यकताको लगभग एक चौथाइ हिस्सा पूरा गर्नेछ।

यसैबीच, दुई महिनाअघिको तुलनामा मलको मूल्य लगभग दोब्बर पुगेको छ। मध्यपूर्वमा युद्ध चर्किनुअघि भारतको पश्चिमी तटबाट प्रतिटन करिब ५०८ डलर र पूर्वी तटबाट ५१२ डलरका दरले युरिया खरिद गरिएको थियो।

अहिले इण्डियन पोटास लिमिटेट (आईपीएल) ले मल खरिद गर्न लागेको हो। उसले १५ लाख टन युरिया पश्चिमी तटमा आपूर्तिका लागि प्रतिटन करिब ९३५ डलरका दरले र पूर्वी तटमा १० लाख टन युरिया प्रतिटन ९५९ डलरका दरले ल्याउने सम्झौता गरेको छ । रोयटर्सको रिपोर्टअनुसार, यस टेन्डरमा कुल ५६ लाख टन युरिया आपूर्तिका लागि प्रस्ताव आएका थिए। तर अधिकांश बोलपत्र प्रतिटन १ हजार डलर वा त्यसभन्दा बढी दरमा थिए।

केही आपूर्तिकर्ताहरूले मात्रै ९३५ डलरको न्यूनतम दर प्रस्ताव गरेका थिए । पछि अन्य आपूर्तिकर्ताहरूले पनि सोही मूल्यमा आपूर्ति गर्न सहमति जनाए। यही कारणले भारतले यति ठूलो परिमाणमा खरिद गर्न सकेको हो।

जानकारहरूका अनुसार, भारतको यो ठूलो खरिदले विश्व बजारमा प्रभाव पार्नेछ । आपूर्तिकर्ताहरूले पहिले नै आफ्नो ठूलो परिमाणको खेप भारतलाई दिने प्रतिबद्धता गरिसकेकाले अन्य देशहरूमा युरियाको अभाव हुन सक्छ र मूल्य अझ बढ्न सक्छ। सरकारले 'रासायनिक मल आवश्यकताको तथ्यांक अद्यावधिक गरी सोका आधारमा खरिदको क्यालेन्डर बनाएर खरिद, बिक्री र वितरणमा रहेको अव्यवस्थालाई सुधार गर्ने' प्रतिबद्धता जनाइरहँदा अन्तर्राष्ट्रिय परिस्थिति झन् प्रतिकूल हुँदै गएको छ।

मल अभावको संकट खाद्यान्न उत्पादनमा पर्ने र नेपालीको भान्सासम्म पुग्ने सम्भावना रहेको कृषी अर्थतन्त्रका जानकार डा. अञ्जय मिश्रा बताउँछन् । मल अभाव हुन नदिन यसलाई सरकारले प्राथमिकतामा राख्नु पर्ने उनको भनाइ छ।

कृषिबाट हुने आय भरपर्दो नहुँदा यसमा लगानी गर्न हच्किने अवस्थामा रासायनिक मलको अभावले कृषि उपजमा निकै समस्या हुने डा. मिश्राले औँल्याए। "नेपालका लागि यो खाद्य सुरक्षाको सवाल होइन । खाद्य सुरक्षा भनेको कहीँबाट खाने कुरा ल्याएर पेट भर्ने भन्ने हो," उनले भने, 'यो खाद्य सम्प्रभुताको कुरा हो, जसमा हामी आफैले आफ्नो लागि कतिको खाद्यबस्तु उपज गर्छौं भन्ने हो । हाम्रो खाद्य सम्प्रभुता संकटमा पर्ने जोखिममा ध्यान दिनु पर्ने बेला हो यो।'

# कचनकबलको सिमखेतमा 'सेतो सुन'को खेती

–चन्द्रकला भण्डारी, रासस

मुलुकको सबैभन्दा होचो भू–भागका रूपमा परिचित झापाको कचनकबलका सिमखेतहरूको गरागरामा टिलपिल पानीमाथि यतिबेला चैते धानका बाला होइन, कमल फूलका जस्तै फराकिला र काँडेदार हरिया पातहरू तैरिइरहेका छन् । यो दृश्य हो–कोशी प्रदेशमै पहिलोपटक व्यावसायिक रूपमा सुरु गरिएको 'मखना'अर्थात् 'सेतो सुन' खेतीको।

कचनकबल गाउँपालिका–४ का ६३ वर्षीय जेलेल मियाको जीवनका धेरै वसन्तहरू यही सिमखेतमा धान रोप्दै र काट्दै बिते । तर, यसपालि उहाँले आफ्नो सात बिघा जग्गामा चैते धानखेती गर्नुभएन । वर्षको प्रतिबिघा ३० मन धान पाउने शर्तमा उहाँले आफ्नो जग्गा भाडामा दिनुभयो । 'वर्षौंदेखि धान र मकैको खेती गर्दै आएको थिएँ,' उहाँ भन्नुहुन्छ, 'यसपालि मखनाखेती गर्छु भन्दै आउनेलाई जग्गा दिएँ। नयाँ खेती अरे, हेरौँ कस्तो हुँदोरहेछ ।' जेलेल मात्र होइन, सोही वडाका बाहिल आलमले पनि आफ्नो १५ कट्ठा जग्गा झापा गाउँपालिका–४ का शाहिल शेखलाई मखनाखेतीका लागि भाडामा दिनुभएको छ।

स्थानीय किसानहरूका लागि यो एक प्रकारको प्रयोग हो भने व्यवसायीका लागि ठूलो सम्भावनाको ढोका। मखनाखेती यहाँका बासिन्दाका लागि नौलो भएकाले सबैलाई यसको सम्भावनाबारे कौतुहलता छ । विर्तामोडका जनक खड्काले त झन आफ्नो २० बिघा जग्गा यही मखनाखेतीका लागि दिनुभएको छ । यसरी धेरै किसानबाट भाडामा लिइएको १०० बिघा जमिनमा अहिले मखनाकोखेती विस्तार भइसकेको छ।

कचनकबलमा मखनाखेती भित्र्याउने श्रेय शाहिल शेखलाई जान्छ । उहाँले भारतको पूर्णियामा रहेका आफ्ना नातेदारसँग साझेदारी गरेर कचनकबलमा यो नौलो कृषि व्यवसायको थालनी गर्नुभएको हो । नेपालमा मखनाको व्यावसायिक खेतीको इतिहास खासै नभएका बेला शेखले १०० बिघाभन्दा बढी जग्गा भाडामा लिएर ठूलो लगानी गर्नुभएको छ। दुई महिनाअघिदेखि रोप्न सुरु गरिएको मखना अहिले खेतका गराहरूमा कतै वयस्क हुँदैछ भने कतै भर्खर पात पलाउँदैछ । डिप बोरिङ गरेर खेतमा निरन्तर सिँचाइको व्यवस्था गरिएको छ, किनकि मखनालाई गरामा निरन्तर भरिएको पानी चाहिन्छ। शेखका अनुसार भारतमा मखना प्रतिकिलो रु एक हजारभन्दा बढीमा बिक्री हुन्छ। एक बिघा जमिनमा झण्डै १०० केजी मखना उत्पादन हुने उहाँको अनुमान छ । यदि यो अनुमान सही ठहरियो भने कचनकबलको सिमखेतले धानको तुलनामा कयौँ गुणा बढी आर्थिक लाभ दिने निश्चित छ।

मखना, जसलाई अङ्ग्रेजीमा 'फक्स नट' वा 'लोटस सिड' पनि भनिन्छ। यो एक प्रकारको जलीय बिरुवा हो । कमलको फूलजस्तै देखिने यसको बोटमा काँडेदार पातहरू हुन्छन् र यसको दानादार फल पानीमुनि फल्छ। स्वास्थ्यको दृष्टिकोणले मखनालाई 'सुपरफुड' मानिन्छ। सेतो दाना हुने र बजार भाउ उच्च भएकाले यसलाई 'सेतो सुन' भनिएको हो । धानखेतीमा जस्तै माटो हिल्याएर मखनाको बीउ र बिरुवा रोप्ने कार्य गरिन्छ। पानी सुक्यो भने मखनाको बोट र पातहरुमा असर पर्ने भएकाले खेती गरिएको मिसखेतमा वैकल्पिक सिँचाइको भरपर्दो व्यवस्था मिलाइएको हुन्छ।

यसमा प्रोटिन, फाइबर, पोटासियम र म्याग्नेसियम प्रचुर मात्रामा पाइन्छ । मधुमेह, मुटुसम्बन्धी समस्या भएका र तौल घटाउन चाहनेहरूका लागि यो अमृत समान मानिन्छ। यसमा कोलस्टोरलको मात्रा शून्य हुन्छ। नेपालमा हाल मखना पूर्ण रूपमा भारतबाट आयात हुन्छ। भुटेर बनाइने 'मखना फूल' खाजाका रूपमा र पूजाआजामा प्रसादका रूपमा निकै लोकप्रिय छ। मखनाखेतीले जग्गाधनीलाई मात्र होइन, स्थानीय मजदुरहरूलाई पनि नयाँ रोजगारी दिएको छ। काँडेदार पातका बीचबाट पानीमुनि फल्ने दाना टिप्नु, रोप्नु र गोडमेल गर्नु चुनौतीपूर्ण काम हो। यसका लागि भारतबाट दक्ष प्राविधिकहरू ल्याइएका छन् भने उनीहरूलाई सघाउन स्थानीयले पनि काम पाएका छन् । स्थानीय मजदुरले दैनिक ६०० रुपैयाँदेखि ९०० रुपैयाँसम्म पारिश्रमिक पाइरहेका छन्, जसले गाउँको अर्थतन्त्रलाई थप चलायमान बनाएको छ।

स्थानीय ५९ वर्षीय राहिबुद्दिन मियाँ यस खेतीलाई कौतुहलका साथ नियालिरहेको बताउनुहुन्छ। 'भारतबाट बीउ र प्राविधिक आएका छन्,' उहाँ भन्नुहुन्छ, 'राम्रो फाइदा हुने देखियो भने अर्को वर्षदेखि हामी आफैँ पनि यो खेती गर्न सिक्नेछौँ।' कुनै पनि नयाँ सुरुआत जोखिममुक्त हुँदैन। जेलेल मियाँले धानखेती गर्दा प्रतिबिघा ७० देखि १०० मनसम्म उत्पादन हुने गरेको थियो । मखनाका लागि लिइएको भाडा दर त्यो तुलनामा कम भए पनि जोखिम मोलेको बताउँदै मियाँ भन्नुहुन्छ, 'खेती कस्तो हुने हो भन्ने यकिन नभएकाले अहिले सस्तोमै जग्गा दिएका हौँ।'

आगामी दुई महिनापछि मखनाले फल दिन थाल्नेछ। अहिले फूल फुल्ने मौसम हो। यदि यो खेतीको परीक्षण सफल भयो भने कचनकबलको सिमखेतमा मात्र होइन, नेपालका अन्य तराईका जिल्लामा पनि मखनाखेतीको लहर चल्नेछ। बर्खामा जलमग्न भएर खेती कठिनाइ व्यहोर्दै आएका कचनकबलका किसानहरु मखनाखेतीप्रति आकिर्षत हुँदैछन्। तराई क्षेत्रका सिमखेत मात्र होइन, सदाबहार पानी रहने प्राकृतिक र कृत्रिम पोखरीहरुमा समेत मखनाखेतीको राम्रो सम्भावना छ । सप्तरी, धनुषा र महोत्तरीलगायतका मधेस प्रदेशका जिल्लामा यसको सानो आकारमा खेती गरिएको पाइएको छ।

मखनाखेती गरिएको जग्गामा अटुट रुपमा पानी जम्ने हुनाले माछापालन गरेर दोहोरो लाभ लिन सकिने जानकारहरु बताउँछन् । माछाको मलले मखनालाई उर्वर बनाउने र मखनाको पातले माछालाई सुरक्षा प्रदान गर्ने कचनकबलका मखनाखेती सञ्चालक शाहिल शेख बताउनुहुन्छ । झापा र मोरङसँग सीमा जोडिएको भारतको विहार प्रदेश विश्वकै मखनाखेतीको प्रमुख उत्पादक हो। विश्व बजारमा विहारको मखनाले ९० प्रतिशत स्थान ओगटिरहेको जनाइएको छ। विहारको उत्पादन प्रविधि, जनशक्ति र अनुभव नेपालको तराई क्षेत्रका लागि उपयोगी नमूना हुने देखिन्छ । विहारको मधुवनी, दरभंगा, कटिहार, पूर्णिया, सहरसा र सीतामणि मखनाखेतीको पकेट क्षेत्र मानिन्छन् । झापाको कचनकबलमा मखनाखेती गर्न पूर्णियाबाटै लगानी साझेदार आएका हुन्। भारत सरकारले गत वर्ष मखनाखेतीलाई अनुदान दिन र प्रोत्साहित गर्न 'मखना बोर्ड' गठन गरेको छ।

महँगो मूल्यमा बिक्री हुने र धानको तुलनामा बढी आम्दानी हुने भएकाले निकट भविष्यमा झापाको कचनकबल गाउँपालिका क्षेत्रलाई मखनाखेतीको पकेट क्षेत्र विकास गरेर लैजान सकिने सम्भावना छ। यसका लागि स्थानीय सरकारले पनि सरोकार बढाउनुपर्ने शेख बताउनुहुन्छ।

कचनकबल गाउँपालिकाका उपाध्यक्ष नवराज भट्टराई यस नवीन कृषि प्रयासलाई सकारात्मक रूपमा लिनुहुन्छ। 'यो हाम्रा लागि एउटा नमूना खेती हो, यसबाट किसानले कति वास्तविक फाइदा पाउँछन् भन्ने कुरा हेर्नुछ,' उपाध्यक्ष भट्टराई भन्नुहुन्छ, 'बाली पाकेपछि मात्र थाहा हुन्छ । यदि यो खेती सफल भयो भने पालिकाले किसानहरूलाई मखनाखेतीतर्फ आकर्षित गर्न विशेष प्रोत्साहनका कार्यक्रमहरू ल्याउनेछ।'

कचनकबल स्तम्भ रहेको नेपालकै होचो भूभाग अवलोकन गर्न बर्सेनि हजारौँ आन्तरिक तथा बाह्य पर्यटक कचनकबलमा आउने गरेका छन् । कचनकबल स्तम्भ नजिकै रहेको मखनखेतीले समेत पर्यटक आकर्षित गर्ने सम्भावना देखिएको उपाध्यक्ष भट्टराई बताउनुहुन्छ। उहाँले मखनाखेतीमा लागिरहेका व्यवसायीहरुसँग सम्पर्क र संवाद गरेर खेतीको सम्भावनाबारेमा जानकारी लिने कार्य भइरहेको बताउनुभयो।

नेपालले वार्षिक करोडौँको मखना भारतबाट आयात गर्दै आएको छ। कचनकबलमा सुरु भएको यो जमर्कोले मुलुकलाई मखनामा आत्मनिर्भर बनाउने नयाँ बाटो अवश्य देखाउनेछ । धानको विकल्पमा उच्च मूल्य दिने खेतीका रूपमा मखनाले कचनकबलका किसानको जीवनस्तर उकास्ने अपेक्षा गरिएको छ । सिमखेतको टिलपिल पानीमा तैरिइरहेका ती ठूला हरिया पातहरू एउटा बिरुवा मात्र होइनन्, ती त झापाका किसानका सपना हुन् । जसले भोलिका दिनमा 'सेतो सुन' फलाएर गाउँकै अनुहार बदल्ने अठोट बोकेका छन्।

मधेशदृष्टि दैनिकमा समाचार सामग्री, लेख, विचार र टिप्पणी madheshdristi@gmail.com मा इमेल पठाउन सक्नुहुनेछ। मधेशदृष्टि दैनिक राससको नियमित ग्राहक हो। बिहान ४:५० बजे नै www.emadheshdristi.com मा पत्रिकाको पिडिएफ उपलब्ध छ।

# कामदार पठाउने संस्थाहरुलाई श्रम संसार एपमा जोडिन विभागको निर्देशन




**काठमाडौँ ।**
वैदेशिक रोजगार विभागले कामदार पठाउने इजाजत प्राप्त संस्थाहरुलाई श्रम संसार एपमा जोडिन निर्देशन दिएको छ ।
विभागले एक सूचना जारी गरी सो निर्देशन दिएको हो । यही वैशाख २५ गते सूचना जारी गर्दै विभागले राष्ट्रिय दैनिक पत्रिकामा सूचना प्रकाशन गरेपश्चात् सोही विवरण श्रम संसार एपमा समेत प्रकाशन गर्नुपर्ने निर्देशन दिएको छ ।
वैदेशिक रोजगार नियमावली, २०६४ को नियम १४ मा वैदेशिक रोजगारीमा कामदार पठाउन पूर्वस्वीकृति प्राप्त भएपछि कामदार छनोट गर्न नेपाली भाषाको कुनै राष्ट्रियस्तरको दैनिक पत्रिकामा कम्तीमा सात दिनको म्याद दिएर विज्ञापन प्रकाशन गर्नुपर्ने कानुनी व्यवस्था छ ।
सोही व्यवस्थालाई थप व्यवस्थित र पारदर्शी बनाउन विभागले अबदेखि त्यस्ता विज्ञापनहरू श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयद्वारा सञ्चालित श्रम संसार एपमा पनि अनिवार्य रूपमा राख्नुपर्ने निर्णय गरेको हो ।
मन्त्रालयले वैदेशिक रोजगारमा जाने कामदारको विवरण डिजिटलाइजेसन गर्ने र पारदर्शी एवं व्यवस्थित बनाउने उद्देश्यले श्रम संसार एप सक्रिय बनाउन लागिएको मन्त्रालयका प्रवक्ता पीताम्बर घिमिरेले बताए । रासस

# स्वास्थ्यमन्त्री मेहताद्वारा सरसफाइ सप्ताह अभियानको शुभारम्भ



**काठमाडौँ ।**
सरकारले सार्वजनिक सेवा प्रवाहलाई मर्यादित, स्वच्छ र वातावरणमैत्री बनाउने उद्देश्यले आजदेखि 'राष्ट्रिय सरसफाइ सप्ताह' सुरु गरेको छ । स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री निशा मेहताले सोमबार बिहान वीर अस्पतालमा पुगी सप्ताहको शुभारम्भ गरिन् । उनले आफैँले कुचोले फोहर सफाइ गर्दै अभियानको शुभारम्भ गरेकी हुन् । मन्त्री मेहताले सफाइ अभियान मुलुकभरका सरकारी अस्पताल र सरकारी कार्यालयमा सञ्चालन गरिने बताइन् ।
उनले भनिन्, अस्पतालमा पहिलेको तुलनामा धेरै सुधार भएको छ, बिरामीको उपचारमा विशेष ध्यान दिएका छौँ । अस्पतालमा 'डिजिटल' प्रणालीमार्फत सेवा प्रवाहको व्यवस्था मिलाएका छौँ ।
मन्त्री मेहताले स्वास्थ्य बिमा कार्यक्रमलाई थप सहज बनाउनका लागि छलफल भइरहेको समेत उल्लेख गरिन् । उनका अनुसार आज एकै समयमा मुलुकभरका सबै अस्पतालमा सरसफाइ अभियान सुरु गरिएको छ ।
त्यस अवसरमा प्रतिनिधिसभा सदस्य केपी खनालले अस्पतालमा बाहिर प्लाष्टिकको फोहोर भेटिएको विषयमा सम्बन्धित निकायलाई जानकारी गराउँदै आगामी दिनमा अस्पतालले प्रशासनले सफाइमा ध्यान दिनुपर्ने बताए । कार्यक्रममा स्वास्थ्य मन्त्रालयका सचिव डा विकास देवकोटा, वीर अस्पतालका निमित्त निर्देशक प्रा डा प्रभा कोइरालालगायतको सहभागिता थियो । सरकारले आजदेखि सङ्घ, प्रदेश र स्थानीय तहअन्तर्गतका सबै सरकारी कार्यालयमा सरसफाइ सप्ताह सुरु गरेको हो । अभियान आगामी जेठ १ गतेसम्म सञ्चालन गरिनेछ । अभियान सञ्चालन गर्नका लागि सरकारले सरसफाइ सप्ताह सञ्चालनसम्बन्धी मार्गनिर्देशन, २०८३ समेत जारी गरेको छ । सरकारले सबै सरकारी निकाय तथा शैक्षिक संस्थामा स्वच्छ, स्वस्थ र व्यवस्थित वातावरण कायम गर्न्, सरसफाइसम्बन्धी आचारण विकास गर्नका लागि सरसफाइ अभियान सुरु गरेको हो । रासस

# कर्णाली, सुदूरपश्चिम मधेश र कोशी प्रदेशका पर्यटकीय गन्तव्यको प्रवर्द्धन गरिने



**काठमाडौं ।**
सरकारले कर्णाली सुदूरपश्चिम मधेश र कोशी प्रदेशका पर्यटकीय गन्तव्यहरूको प्रवर्द्धन गर्ने घोषणा गरेको छ ।
नेपाललाई साहसिक पर्यटनको आकर्षक गन्तव्यको रूपमा विकास गर्ने र पर्वतारोहण ट्रेकिङ रफ्टिङ प्याराग्लाइडिङ बन्जीजम्प स्काई डाइभिङ लगायतका साहसिक पर्यटन पूर्वाधार सुरक्षित मापदण्ड र अन्तर्राष्ट्रिय प्रवधानलाई सुदृढ गर्दै प्राकृतिक सांस्कृतिक र समुदायमा आधारित नयाँ पर्यटन इकोसिस्टम विकास गरिने बताए ।
राष्ट्रपति रामचन्द्र पौडेलले जारी गरेको नीति तथा कार्यक्रममा कर्णाली सुदूरपश्चिम मधेश र कोशी प्रदेशलाई थप प्राथमिकतामा गरिने समेत उल्लेख गरिएको छ ।
सरकारले हिमाली मध्य पहाडी र तराई क्षेत्रमा १० नयाँ पदमार्ग पहिचान गरी प्रवर्द्धन गर्ने समेत जानकारी गराएको छ ।

# शिक्षामन्त्रीसँग संयुक्त राष्ट्रसङ्घ नियोगका प्रतिनिधिहरुको शिष्टाचार भेटवार्ता

**काठमाडौँ ।**
शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री सस्मित पोखरेलसँग संयुक्त राष्ट्रसङ्घको नेपालस्थित आवासीय संयोजक लीला पिटर्स याहियालगायत राष्ट्रसङ्घअन्तर्गतका अन्य नियोगहरुको प्रतिनिधिमण्डलले शिष्टाचार भेटवार्ता गरेको छ ।
सिंहदरबारस्थित मन्त्रालयमा सोमबार भएको भेटमा आपसी सम्बन्ध र दुईपक्षीय हितका विषयमा कुराकानी भएको शिक्षामन्त्री पोखरेलको सचिवालयले जनाएको हो । साथै, संयुक्त राष्ट्रसङ्घका नियोगहरुबाट नेपालको शिक्षा क्षेत्रमा रहँदै आएको सहकार्य र सहयोगका सन्दर्भमा समेत छलफल भएको छ ।
शिक्षामन्त्रीसँगको उक्त भेटमा संयुक्त राष्ट्रसङ्घ बाल कोष (युनिसेफ) का निमित्त देशीय प्रतिनिधि जि हुनरा, विश्व खाद्य कार्यक्रम (डब्लुएफपी), संयुक्त राष्ट्र सङ्घीय जनसङ्ख्या कोष (युएनएफपीए), अन्तरराष्ट्रिय



आप्रवासन सङ्गठन (आइओएम)लगायत राष्ट्रसङ्घका विभिन्न नियोगका प्रतिनिधिहरुको उपस्थिति थियो । भेटमा शिक्षामन्त्री पोखरेलले राष्ट्रसङ्घ नियोगहरुले शिक्षा क्षेत्रमा पु¥याउँदै आइरहेको साथ र सहयोगको लागि धन्यवाद ज्ञापन गरे । भेटमा विशेषगरी युनिसेफले नेपालको समावेशी शिक्षा, 'इभिडेन्स बेस्ड लर्निङ', प्रविधिको प्रयोग, दिगो विकास लक्ष्यका उपलब्धि कार्यान्वयनका लागि समन्वय र सहकार्य, साक्षरता, जीवनपर्यन्त सिकाइको क्षेत्रमा गर्दै आएको सहयोगको विषयमा छलफल भएको थियो । आइओएममार्फत विदेशमा रहेका विद्यार्थीको मानसिक स्वास्थ्यलजस्ता विषयमा ध्यान दिनेबारे उनीहरुबीच कुराकानी भएको छ ।
साथै विश्व खाद्य कार्यक्रमअन्तर्गत नेपालको विद्यालय दिवा खाजाको क्षेत्रअन्तर्गत पौष्टिक खाजाका लागि स्थानीय कृषकले उत्पादन गरेको सामग्री खाद्यमा जोड्ने तथा संयुक्त राष्ट्रसङ्घीय जनसङ्ख्या कोषले नेपालको शिक्षाको बृहत् यौनिक शिक्षा कार्यक्रम, 'डिजिटल लर्निङ' का क्षेत्रमा गरेको काम र संयुक्त राष्ट्रसङ्घीय बसाइँसराइसम्बन्धी अन्तरराष्ट्रिय संस्थाले नेपालको सुरक्षित बसाइँसराइको क्षेत्रमा पु¥याउँदै आएको सहयोग र भविष्यमा गर्न सकिने सहयोगका क्षेत्रहरुमा केन्द्रित रहेर कुराकानी भएको छ ।
शिक्षामन्त्री पोखरेलले अबको दिनमा समावेशी शिक्षा, शिक्षकको पेसागत विकास, शिक्षा, विज्ञान र प्रविधिको प्रयोग, डिजिटल लर्निङलगायत क्षेत्रमा थप सहकार्य गर्नका लागि मन्त्रालय इच्छुक रहेको विचार व्यक्त गरे ।
आवासीय प्रतिनिधि याहिमाले शिक्षा क्षेत्रमा संयुक्त राष्ट्रसङ्घका नियोगहरुको प्राथमिकता रहेको र आगामी दिनहरुमा पनि सहकार्य र सहयोग निरन्तर रहने प्रतिबद्धता व्यक्त गरे । रासस

# नीति तथा कार्यक्रम: स्वास्थ्य बिमा कार्यक्रमको पुनःसंरचना गरिने




**काठमाडौं ।**
सरकारले स्वास्थ्य बिमा कार्यक्रमको पुनःसंरचना गर्ने घोषणा गरेको छ । सोमबार सङ्घीय संसद्का दुवै सदनको संयुक्त बैठकलाई सम्बोधन गर्दै राष्ट्रपति रामचन्द्र पौडेलद्वारा प्रस्तुत आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रममार्फत यस्तो घोषणा गरिएको हो ।
यस्तै, मुलुकको स्वास्थ्य प्रणालीलाई एकीकृत सेवा मोडलमा लैजाने, स्वास्थ्य सेवा लागत प्रभावकारी र नागरिकमैत्री बनाउने गरी सबै स्थानीय तहमा आधारभूत अस्पतालसम्मको पहुँच सुनिश्चत गरिने छ । सामुदायिक स्वास्थ्यकर्मी, महिला स्वास्थ्य स्वयंसेविकाको क्षमता संख्या र सेवा दायरा विस्तार गर्ने पनि नीति तथा कार्यक्रममा उल्लेख छ ।
'टेलिहेल्थ'मार्फत दुर्गम क्षेत्रका नागरिकलाई विशेष परामर्श सेवा उपलब्ध गराइने, रोग निगरानी र नियन्त्रणका लागि 'सेन्टर फर डिजिटल कन्ट्रोल' तथा स्वास्थ्य सेवा गुणस्तर बनाउका लागि राष्ट्रिय स्वास्थ्य प्रत्यायोजन प्राधिकरण गठन गरिने उल्लेख छ ।
यस्तै, सङ्घीय तहमा जैविक अध्ययन र महामारी नियन्त्रण क्षमता बढाउनका लागि राष्ट्रिय जैविक अध्ययन प्रयोगशाला स्थापना गरिने छ ।
क्यान्सर तथा नसर्ने रोगको नियन्त्रण र रोकथामका लागि उपचारभन्दा रोकथाम, जनचेतना, नियमित परीक्षण र जीवनशैलीमा आधारित रणनीति कार्यान्वयन गरिने पनि उल्लेख छ ।
यसैगरी मानसिक स्वास्थ्यलाई सार्वजनिक स्वास्थ्यको अभिन्न अङ्गका रूपमा मान्दै राष्ट्रिय मानसिक स्वास्थ्य नीति कार्यान्वयन, योग, ध्यान र समुदायमा आधारित स्वास्थ्य कार्यक्रमको विस्तार तथा प्रवद्र्धन गरिने विषय पनि कार्यक्रममा समावेश छ ।
साथै, अत्याधुनिक अपाङ्गता पुनःस्थापना केन्द्रको स्थापना तथा बौद्धिक अपाङ्गता भएका बालबालिकालाई सहायक प्रविधिसहित विशेष कार्यक्रम सञ्चालन गरिने पनि नीति तथा कार्यक्रममा उल्लेख छ ।

# सरकारले संसद्मा पुऱ्यायो ८ वटै अध्यादेश

**काठमाडौं ।**
सरकारले विभिन्न अध्यादेशहरू प्रतिनिधिसभामा प्रस्तुत गरेको छ । सोमबार बसेको बैठकमा सरकारको सिफारिसमा राष्ट्रपतिबाट जारी भएका आठ वटा अध्यादेश सदनमा पेस गरिएको हो ।
बैठकमा कानून मन्त्री सोविता गौतम ले सार्वजनिक खरिद (दोस्रो संशोधन)अध्यादेश २०८३, सार्वजनिक पदाधिकारीको पदमुक्तिसम्बन्धी विशेष व्यवस्था अध्यादेश २०८३ र संवैधानिक परिषद् (काम, कर्तव्य, अधिकार र कार्यविधि) (पहिलो संशोधन) अध्यादेश २०८३ प्रस्तुत गरिन् । उनले केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश पनि पेस गरे ।
त्यस्तै अर्थमन्त्री डा. स्वर्णिम वाग्ले ले सम्पत्ति शुद्धिकरण निवारण (तेस्रो संशोधन) अध्यादेश प्रस्तुत गरे । भूमि व्यवस्था मन्त्री प्रतिभा रावलले सहकारी (पहिलो संशोधन) अध्यादेश पेस गरिन् ।
यसैगरी स्वास्थ्य मन्त्री निशा मेहताले स्वास्थ्य विज्ञान प्रतिष्ठानसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश प्रस्तुत गरिन् । शिक्षा मन्त्री सस्मित पोखरेल ले विश्वविद्यालयसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश पेस गरेका थिए । सरकारले विभिन्न कानुनी र नीतिगत क्षेत्रलाई अद्यावधिक गर्ने उद्देश्यसहित यी अध्यादेशहरू संसद्मा अघि सारेको हो ।

# कांग्रेसका जनप्रतिनिधिमाथि भ्रष्टाचारको प्रमाण आए पार्टीले नै कारबाही गर्छः थापा



**काठमाडौं ।**
सभापति गगन थापाले नेपाली काङ्ग्रेसबाट निर्वाचित स्थानीय तहका जनप्रतिनिधिहरूले सुशासनविपरीत काम गरेको प्रमाणसहित खबर आए अख्तियारले कारबाही गर्नुभन्दा पहिले पार्टीले नै कदम चाल्ने बताएका छन् ।
कांग्रेस केन्द्रीय नीति, अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठानले आयोजना गरेको कर्णाली प्रदेशस्तरीय कार्यक्रममा सम्बोधन गर्दै थापाले पार्टीभित्र अनुशासन र सुशासनलाई प्राथमिकतामा राखिने स्पष्ट पारे ।
उनले जनप्रतिनिधिहरू जनताको विश्वासको आधारमा निर्वाचित भएकाले जिम्मेवार र पारदर्शी ढंगले काम गर्नुपर्ने बताए । कुनै जनप्रतिनिधिले गलत काम गरेको पुष्टि भए पार्टीले संरक्षण नगर्ने उनको भनाइ थियो ।
थापाले सुशासन, जवाफदेहिता र जनविश्वास कायम राख्न काङ्ग्रेसले आन्तरिक निगरानी प्रणालीलाई थप प्रभावकारी बनाउने पनि उल्लेख गरे ।

# सुधारिएको करेसाबारीले डोऱ्याउँदैछ आत्मनिर्भरको बाटो

**सिन्धुली ।**
केही वर्षअघिसम्म गाउँघरका अधिकांश भान्सामा आफ्नै करेसाबारीमा फलाइएका ताजा सागसब्जी पाक्थे तर अहिले अवस्था फेरिएको छ । भान्सामा भित्रिने अधिकांश तरकारी बजारबाट आउँछन्, जहाँ उत्पादन बढाउने होडमा रासायनिक मलखाद र कीटनाशक औषधिको अत्यधिक प्रयोग भइरहेको छ ।

विषादीयुक्त सागसब्जी हाम्रो दैनिक भोजनसँगै शरीरभित्र पुगिरहेको छ । चिकित्सकहरूका अनुसार पछिल्ला वर्षहरूमा बढ्दै गएका क्यान्सर, मिर्गौला, मुटु तथा अन्य जटिल रोगका कारणमध्ये अस्वस्थ खानपान पनि एक हो । उत्पादन धेरै गर्ने नाममा खेतबारीमा हालिने रसायनले माटो मात्र होइन, मानव स्वास्थ्यलाई समेत विस्तारै कमजोर बनाइरहेको छ । यही अवस्थाले धेरै परिवारलाई फेरि करेसाबारीतर्फ फर्किन बाध्य बनाएको छ ।

घरछेउको सानो खाली ठाउँमा जैविक मल प्रयोग गरी आफ्नै लागि सुरक्षित सागसब्जी उत्पादन गर्ने अभियान बिस्तारै बढ्न थालेको छ । स्वास्थ्य जोगाउने, खर्च घटाउने र परिवारलाई विषादीरहित खाना खुवाउने उद्देश्यले अहिले धेरैले करेसाबारीलाई पुनः जीवन्त बनाउन थालेका छन् ।



सिन्धुलीको कमलामाई नगरपालिका–४ ज्यामिरेकी गहिणी विष्णुमाया तामाङको सुधारिएको करेसाबारी यतिबेला हरियाली मात्रै छैन, बेमौसमी लौका, काँक्रो, घिरौँला र करेलाको फलले लटरम्मै छ ।

आफ्नै मिहिनेतको फल देख्दा उनको मुहारमा छुट्टै चमक देखिन्छ । पहिला बजारको तरकारी किनेर खान्थ्यौँ, अहिले आफैँले उब्जाएको तरकारी बेचेर घर खर्च धानिरहेकी छु, उनले मुस्कुराउँदै भनिन् । पाँच वर्षअघिसम्म उहाँसँग आम्दानीको स्थायी स्रोत थिएन । घरखर्च धान्न कठिन थियो तर अहिले दुई कट्ठा जमिनमा गरिएको जैविक तरकारी खेती उनको परिवारको मुख्य आयस्रोत बनेको छ ।

मौसमीभन्दा बेमौसमी तरकारीको मूल्य राम्रो पाइने भएकाले उनले टनेलमार्फत उत्पादन बढाएकी छिन् । गत वर्ष दुई सय वटा लौका बेचेकी थिएँ, अहिले पाँच सयभन्दा बढी फलेको छ, उनले सुनाइन् । अहिले उनले हप्तामै बेमौसमी तरकारी बेचेर १५ हजार रुपैयाँभन्दा बढी आम्दानी लिन्छिन् ।

विष्णुमायाको सफलता केवल आम्दानीमा सीमित छैन । उनको करेसाबारीले गाउँको संस्कारसमेत बदलिदिएको छ । पहिले आफन्त कहाँ जाँदा बजारबाट कोसेली किनेर लैजानुपथ्र्यो । अहिले आफ्नै बारीका लौका, काँक्रो, करेलालगायतका थरीथरीका तरकारीले नै कोसेलीको ठाउँ लिएका छन् । जैविक खेतीले उनलाई रासायनिक मल र विषादीको खर्चबाट मुक्त बनाएको छ । गँड्यौले मल, झोल मल र जैविक विषादी आफैँ बनाउने गरेकी छन् । यसले जमिन पनि स्वस्थ हुन्छ, उत्पादन पनि स्वादिलो र स्वस्थकर हुन्छ, उनको अनुभव छ ।

यता कमलामाई नगरपालिका–५ आहालेमा पुग्दा गाउँ आफैँ एउटा सिकाइ केन्द्रजस्तो देखिन्छ । घर–घरमा हरियाली छ । करेसाबारीमा सागसब्जी लहलहाएका छन् । गोठमा भैँसी छन् । गोबरबाट बायोग्यास बनेको छ । जुठेल्नोको पानीसमेत करेसाबारीमा प्रयोग गरिएको छ । यही गाउँकी इन्द्रक्रान्ति तामाङ अहिले समुदायकी प्रेरणादायी महिला बनेकी छिन् । इन्द्रक्रान्तिले पाँच कट्ठामा कृषि वन विस्तार गरेकी छिन् । अम्रिसो, किम्बु र मेन्दोलाजस्ता पोषिलो घाँसले पशुपालन सहज बनाएको छ । 'पहिले घाँस काट्न जङ्गल धाउनुपथ्र्यो, अहिले आफ्नै बारीको घाँसले पुग्छ,' उनले भनिन् ।

आहालेमा अहिले प्रायः हरेक घरमा सुधारिएको करेसाबारी छ । कतिपयले टनेलमा व्यावसायिक तरकारी उत्पादन गरिरहेका छन् । रासायनिक मल र विषादीको प्रयोग घटेको छ । महिलाहरूले झोल मल, गँड्यौला मल, इएम टू मल बनाउने सीप सिकेका छन् । परिवर्तन केवल कृषिमा मात्र छैन, जीवनशैलीमा पनि छ । पहिले महिलाहरू घरभित्र सीमित थिए ।

अहिले उनीहरू समूहमा छलफल गर्छन्, बजारमा आफूले उपभोग गरेर बचेको उत्पादन बेच्न जान्छन् र नेतृत्वदायी भूमिकामा अग्रसर हुन थालेका छन् । इन्द्रक्रान्ति भन्छिन्, पहिले सानो खर्चका लागि पनि श्रीमान्सँग पैसा माग्नुपथ्र्यो, अहिले तरकारी बेचेर आफ्नै आम्दानी हुन्छ, बचत पनि गर्न थालेकी छु ।

कमलामाई नगरपालिका–२ सालुबेशीकी जीतमाया बम्जनको भान्सामा अहिले सातदेखि नौ प्रकारका तरकारीले भरिन्छ । केही वर्षअघिसम्म उनको दैनिकी घरधन्दा र मेलापातमा सीमित थियो तर अहिले उनी तरकारी खेतीदेखि पशुपालनसम्ममा सक्रिय छिन् । छाप्रो टनेलमा झुन्डिएका काँक्राहरू देखाउँदै उनले भनिन्, "फल्न थालेपछि खुसीले करेसाबारीमै नाच्न मन लाग्छ ।" उनले बेमौसमी काँक्रो, गोलभैँडा, स्कुस, साग, क्याप्सिकन र खुर्सानी उत्पादन गरेकी छिन् । घरमा खपत भएर बाँकी रहेको तरकारी बेचेर मासिक १५ हजारसम्म आम्दानी गर्न सफल भएको उनले बताइन् ।

उनीजस्तै जिरीमाया लामा पनि परिवर्तनको अर्को उदाहरण हुन् । एक कट्ठा जमिनमा व्यवस्थित करेसाबारी बनाएकी उनले अतिरिक्त तरकारी बेचेर मासिक १२ हजारसम्म आम्दानी गर्ने गरेकी छिन् । उनलाई पहिला आफ्नै भान्सा टार्न समस्या हुने गरेको थियो । कविता स्याङ्तान करेसाबारीबाट सुरु भएको तरकारी खेतीले आर्थिक सशक्तीकरणसँगै महिलाहरूको आत्मविश्वास पनि बढेको बताउँछिन् । पहिले सानो खर्चका लागि पनि श्रीमान्सँग हात फैलाउनुपथ्र्यो, उनले भनिन्, अहिले आफ्नै पैसा हुन्छ ।

त्यसैगरी, कमलामाई नगरपालिका–५ सिलामेकी सुनिता श्रेष्ठको जीवन पनि करेसाबारीले नै बदलिदिएको छ । केही वर्षअघिसम्म उनी सामान्य गृहिणी थिइन् । आफ्नै आम्दानी थिएन तर अहिले उनी जैविक तरकारी उत्पादन गरेर मासिक १० हजारसम्म आम्दानी गर्छिन् । पहिला तरकारी किनेर खानुपथ्र्यो, अहिले आफ्नै बारीको विषादीरहित तरकारी खान पाइन्छ, उनले भनिन्, । सुनिता चम्सुर, पालुङ्गो, मेथी, बेथु, बोडी, घिरौँला, लौका, गोलभैँडालगायतका तरकारी उत्पादन गर्छिन् । शनिबारे हाटमा तरकारी बेच्न जान्छिन् । सामाजिक सञ्जालमार्फत पनि उत्पादनको प्रचार गर्छिन् । पहिलोपटक साग बेचेर रु एक हजार ६०० आम्दानी भएको थियो, उनले सुनाइन्, त्यसपछि उत्साह झन् बढ्यो ।

आफ्नै कमाईले घरखर्च चलाउन, बालबच्चाको आवश्यकता पूरा गर्न र बचत गर्न सक्दा उनको आत्मविश्वास पनि बढेको छ । 'पहिले एउटा टिका र चुरा किन्न पनि श्रीमान्सँग पैसा माग्नुपथ्र्यो,' उनले भनिन्, 'अहिले आफ्नै कमाईले खर्च चलाएर बचत गर्न सकेकी छु ।'

आहालेकी उर्मिला नेपालीको बिहान अहिले गाईको गोठबाट सुरु हुन्छ । उन्नत जातका जर्सी गाईपालन गरेकी उनले दैनिक ३५ लिटर दुध बिक्री गरिन् । दूध बेचेरै मासिक करिब ३५ हजार बचत हुने गरेको छ । त्यतिमात्र होइन, दुई कट्ठा जमिनमा गरिएको व्यावसायिक तरकारी खेतीबाट उनी मासिक २० हजारसम्म आम्दानी गर्छिन् । पहिले घरायसी खर्च धान्नै धौधौ थियो,उनले विगत सम्झिँदै भनिन्, अहिले यही आम्दानीले छोरीलाई पोखरामा डाक्टर पढाइरहेका छौँ, छोरालाई जापान पठाएका छौँ ।

उनको बारीमा पोषणयुक्त घाँस छ । यसले पशुचौपाय पालनमा सहजता थपेको उनले बताइन् । पहिले जङ्गल धाउनुपथ्र्यो, अहिले आफ्नै बारीको घाँसले बाह्रै महिना पुग्छ, उनले भनिन् । पशुपालन गर्दा तरकारी खेतीमा मलखादमा सहयोग पुगेको उनले सुनाइन् ।

यी कथाहरू फरक–फरक व्यक्तिका भए पनि परिवर्तनको सूत्र एउटै छ—सीप, साझेदारी र सामूहिक अभ्यास । वर्ल्ड नेवर्सको साझेदारीमा सिड्स नेपाल, सिन्धुलीले सञ्चालन गरेको नेपाल एकीकृत ग्रामीण विकास परियोजनाले ग्रामीण महिलाहरूलाई केवल कृषि तालिम मात्र दिएन, आत्मविश्वास र नेतृत्व पनि दियो । घरभित्र सीमित महिलाहरू अहिले बजार पुगेर उत्पादन बेचिरहेका छन्, समूह सञ्चालन गरिरहेका छन्, बचत गरिरहेका छन् र अरूलाई पनि तालिम दिन थालेका छन् ।

सिन्धुलीको कमलामाई नगरपालिका–२ को सालुबेंशी, वडा नं ४ को ज्यामिरे, वडा नं ५ को आहाले र सिलामेमा मात्रै एक सयभन्दा बढी घरपरिवारले सुधारिएको करेसाबारी बनाएका छन् । उक्त करेसाबारीले विशेषगरी ग्रामीण गृहिणीलाई स्वरोजगार मात्रै होइन, आत्मनिर्भर समेत बनाएको पाइन्छ । करेसाबारी अब केवल तरकारी उत्पादन गर्ने ठाउँ मात्र रहेन । यो आत्मनिर्भरता, पोषण, बचत, नेतृत्व र सम्मानसँग जोडिएको छ । यी महिलाहरूको अनुभवले देखाएको छ—विदेश जानैपर्छ, जागिर खानैपर्छ भन्ने छैन । सही सीप, प्राविधिक सहयोग र मिहिनेत भए गाउँमै बसेर पनि सम्मानजनक आम्दानी गर्न सकिन्छ । रासस

# अमेरिकी सैन्य साहयतामाथिको निर्भरता घटाउनुपर्छः नेतान्याहु



**तेल अभिभ ।**
इजरायली प्रधानमन्त्री बेन्जामिन नेतन्याहुले इजरायलले अमेरिकाबाट प्राप्त हुँदै आएको वार्षिक ३ अर्ब ८० करोड डलर बराबरको सैन्य सहयोगमा निर्भरता क्रमशः अन्त्य गर्नुपर्ने बताएका छन् ।

सीबीएस न्यूजलाई दिएको अन्तर्वार्तामा उनले भने, हामीले वर्षेनि ३ अर्ब ८० करोड डलर पाउँछौं, तर अब बाँकी रहेको सैन्य सहयोगबाट बिस्तारै आत्मनिर्भर बन्ने समय आएको छ । मैले भनेको छु, अहिलेबाटै सुरु गरौं र आगामी एक दशकमा यसलाई शून्यमा पुर्याऔं ।

नेतन्याहुले अमेरिकामा इजरायलप्रतिको समर्थन घट्दै गएको पनि बताएका छन् । उनका अनुसार यसको सीधा सम्बन्ध सामाजिक सञ्जालको तीव्र विस्तारसँग छ । उनले भने, सामाजिक सञ्जाललाई केही देशहरूले निकै चलाख ढंगले प्रभावित गरेका छन्, र त्यसले हामीलाई धेरै क्षति पुर्याएको छ । चीनले पनि अप्रत्यक्ष रूपमा द्वन्द्वमा भूमिका खेलेको आरोप नेतन्याहुले लगाए । चीनले क्षेप्यास्त्र निर्माणसँग सम्बन्धित केही सामग्री उपलब्ध गराएको दाबी उनले गरेपनि थप विवरण खुलाएनन् ।

यसअघि सीएनएनले अमेरिकी गुप्तचर निकायको मूल्यांकन उद्धृत गर्दै चीनले इरानलाई नयाँ हवाई प्रतिरक्षा प्रणाली उपलब्ध गराउने तयारी गरिरहेको जनाएको थियो । चीनले भने इरानलाई सैन्य पुनःसज्जित गर्न सहयोग गरेको आरोप अस्वीकार गर्दै आएको छ ।

नेतन्याहुले इरानको आणविक कार्यक्रम र क्षेप्यास्त्र क्षमताबारे अझै "काम बाँकी" रहेको बताएका छन् । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पसँग इरानको उच्च स्तरमा समृद्ध युरेनियम भण्डार हटाउनुपर्ने विषयमा सहमति भएको पनि उनले उल्लेख गरे ।

अमेरिका–इरान सम्भावित युद्धविरामबारे बोल्दै नेतन्याहुले त्यसलाई दक्षिण लेबनानमा रहेको इजरायल–हेजबुल्लाह युद्धविरामसँग जोड्न नहुने बताए । इरानले आफूसँग युद्धविराम भयो भने लेबनानमा पनि युद्धविराम हुनुपर्छ भन्ने तर आफूहरुले यी दुईलाई अलग अलग विषयको रूपमा हेर्ने पनि उनले भनेका छन् ।

# अमेरिकाविरुद्धको खेलमा नेपाल सात रनले विजयी



अन्तिम खेलमा अमेरिकालाई पराजित गर्दै नेपाल 'ए' टोलीले स्कटल्यान्डसम्मिलित अभ्यास खेलमा शतप्रतिशत नतिजा हात पारेको छ ।

आईसीसी विश्वकप लिग–२ खेल्न नेपाल आएका अमेरिका र स्कटल्यान्डको टोलीसँग नेपाल 'ए' टोलीले दुई–दुई खेलको सिरिज खेलेको थियो । नेपाल 'ए' टोलीले सबै खेलमा जित निकालेको हो ।

सोमबार भएको अन्तिम खेलमा नेपालले अमेरिकालाई सात रनले पराजित गरेको छ । नेपालले पहिलो खेलमा अमेरिकालाई ४५ रनले हराएको थियो । नेपाल 'ए' टोलीले स्कटल्यान्डलाई पहिलो खेलमा ४५ र दोस्रो खेलमा डीएल मेथडमा नौ रनले जित हात पारेको थियो ।

अन्तिम अभ्यास खेलमा नेपालले दिएको २६५ रनको लक्ष्य पछ्याएको अमेरिका पाँच बल अगावै २५७ रनमा अलआउट भयो । अमेरिकाका लागि शेहान जयसुरियाले सर्वाधिक ७१ रन बनाए । शुभम रन्जानेले ४७ र शयान जगानगिरले ४१ रन थपे । स्मित पटेलले ३३, साइतेजा मुक्कमल्लाले १६ र मिलिन्द कुमारले ११ रन बनाए ।

अमेरिकालाई रोक्न नेपालका लागि शेर मल्लले चार विकेट लिए । शेरले ७.१ ओभरमा ४० रन खर्चे । त्यस्तै, बसिर अहमदले तीन विकेट लिए । शाहब आलम र पवन सर्राफले समान एक विकेट आफ्नो नाममा गरे ।

त्यसअघि माथिल्लो मुलपानी क्रिकेट मैदानमा अमेरिकाले टस जितेर फिल्डिङ रोजेपछि ब्याटिङ गरेको नेपाल 'ए' टोली एक बल अगावै २६४ रनमा अलआउट भयो ।

नेपालका लागि सन्दीप जोराले १११ रनको योगदान दिए । ११५ बलमा १११ रन बनाएका सन्दीप रुसिल उगारकारको बलमा क्याच आउट हुन पुगे । बसिर अहमदले ३८ र मयन यादवले २४ रन बनाए । पवन सर्राफले २० र नारायण जोशीले १६ रन थपे ।

अमेरिकाका लागि सौरभ नेत्रवल्करले तीन विकेट लिए । उनले आठ ओभरमा २१ रन खर्चे । जसदिप सिंहले दुई विकेट लिए । शुभम रजाने, मोहम्मद माहसिन, मिलिन्द कुमार र रुसिल उगारकारले समान एक विकेट लिए । रासस

# अमेरिकाद्वारा इरानको सर्त अस्वीकार, इन्धनको मूल्यमा वृद्धि

**टोकियो ।**
अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले मध्यपूर्वमा युद्ध अन्त्य गर्ने इरानका सर्तहरू अस्वीकार गरेपछि सोमबार एसियाली बजारमा इन्धनको मूल्य बढेको छ ।

राष्ट्रपति ट्रम्पले आफ्नो पछिल्लो शान्ति प्रस्तावमा इरानको प्रतिक्रियालाई अस्वीकार गरेपछि स्ट्रेट अफ हर्मुजमा थप हिंसा हुने र तेल आपूर्तिमा अवरोध उत्पन्न हुने सम्भावना बढेको छ ।

यस हप्ता चीनको भ्रमणमा जान लागेका राष्ट्रपति ट्रम्पले आफ्नो चीन भ्रमणलाई सम्भवतः इरान युद्धको अन्त्यका प्रयासका लागि केन्द्रित गर्ने देखिएको छ ।

उनले भने, मैले भर्खरै इरानका तथाकथित 'प्रतिनिधिहरू' को प्रतिक्रिया पढेको छु । मलाई यो मन परेन । यो पूर्ण रूपमा अस्वीकार्य छ ।

इरानका राष्ट्रपति मसुद पेजेस्कियनले आइतबार सामाजिक सञ्जाल एक्समा जारी एक सन्देशमा भनेका छन्, हामी शत्रुसामु कहिल्यै झुक्दैनौं र यदि वार्ता वा संवादको कुरा हुन्छ भने यसको अर्थ आत्मसमर्पण वा पछि हट्नु हुँदैन ।

अमेरिकी राष्ट्रपति ट्रम्पले यी प्रतिमागहरूलाई तत्काल अस्वीकार गर्नुले दुवै पक्षबीचको फराकिलो खाडललाई दर्शाउँछ र यसले तनावलाई तीव्र गतिमा कम गर्नुको सट्टा दीर्घकालीन अनिश्चितताको जोखिमतर्फ लाने सङ्केत गर्दछ, जापानी बैङ्क एमयुएफजीका लोयड चानले भने ।

तेल बजारका लागि, यसले निरन्तर भू–राजनीतिक जोखिमको सम्भावनाको सङ्केत गर्दछ किनकि अब हर्मुजमा अवरोधहरू बढ्दै जानेछन्,चानले थपे ।

जापनस्थित इन्धन बजार विश्लेषकहरूले भनेका छन्, मेरिकी राष्ट्रपतिको भनाइ सार्वजनिक भएसँगै निक्केई ० । ४ प्रतिशत र ह्याङ सेङ ० । ३४ प्रतिशतले घटेको थियो तर सियोलको कोप्सी चार प्रतिशतले बढेको थियो ।

टोकियोमा विशाल जापानी गेमिङ कम्पनीले शुक्रबार यस वर्ष कम नाफा कमाउने चेतावनी दिएपछि निन्टेन्डोको सेयरमा लगभग १० प्रतिशतले गिरावट आएको छ ।

यसैबीच, अमेरिकी अर्थमन्त्री स्कट बेसेन्टले राष्ट्रपति सी जिनपिङसँगको उच्चस्तरीय शिखर वार्ताका लागि तयारी गर्न चीन जानुअघि जापान र दक्षिण कोरिया भ्रमण गर्ने कार्यक्रम रहेको छ । जापानमा बेसेन्टले मङ्गलबार प्रधानमन्त्री साने ताकाइचीलाई भेट्ने तयारी गरेका छन् ।



टोकियोले येनलाई सहयोग गर्न हालै बजार हस्तक्षेपको रिपोर्ट गरेको छ । सोलमा उनले चिनियाँ उपप्रधानमन्त्री हे लिफेङसँग भेटवार्ता गर्ने बताएका छन् ।

आर्थिक सुरक्षा राष्ट्रिय सुरक्षा हो, बेसेन्टले सामाजिक सञ्जाल एक्समा लेखेका छन् ।

वासिङ्टन र बेइजिङले एक वर्षअघि एक अर्काको निर्यातमा व्यापक करवृद्धि गरेका थिए भने ट्रम्प र सीबीच अक्टोबरमा दक्षिण कोरियामा एक वर्ष लामो व्यापार युद्धविरामका लागि सहमति भएको थियो । रासस

# मिडियालाई सङ्कुचन गरेर लोकतन्त्र र संविधान बलियो हुन सक्दैन

**लुम्बिनी ।**
लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यले मिडिया क्षेत्रलाई सङ्कुचन गरेर लोकतन्त्र र संविधान बलियो हुन नसक्ने बताएका छन् ।
नेपाल पत्रकार महासङ्घ रुपन्देहीको आयोजनामा बुटवलमा आयोजित 'मिडिया मन्थन तथा राष्ट्रिय सञ्चार सम्मेलन २०८३' मा सोमबार सम्बोधन गर्दै उनले लोकतन्त्रको मर्मविपरीत कसैले कुनै पनि गतिविधि गर्न नहुनेमा जोड दिए ।
मुख्यमन्त्री आचार्यले भने,पत्रकारिता क्षेत्रले लोकतान्त्रिक आन्दोलन र परिवर्तनमा महत्त्वपूर्ण भूमिका खेलेको छ । राजनीतिक दलहरू सुषुप्त अवस्थामा रहेका बेला पत्रकार, कानुन व्यवसायी र मानवअधिकारकर्मीहरू सडकमा उत्रिएर लोकतन्त्रको रक्षाका लागि योगदान गरेको कुरा बिर्सिनुहुँदैन ।
उनले सङ्घीय सरकारले सरकारी सञ्चारमाध्यममा मात्रै विज्ञापन दिने गरी जारी गरेको परिपत्रका विषयमा प्रधानमन्त्रीसमक्षसमेत आफूहरूले छलफल उल्लेख गरे । उनले प्रदेश सरकार मिडियामैत्री रहेको दाबी गर्दै मिडिया क्षेत्रका सरोकार भएकाहरूसँग समन्वय गरेर बजेटको व्यवस्था गरिएको बताए ।
मुख्यमन्त्री आचार्यले सञ्चार क्षेत्रमा देखिएका चुनौतीलगायत




विषयमा सम्मेलनमा हुने बहसले पर्यटन, उद्योग र व्यवसाय प्रवद्र्धनमा समेत टेवा पुग्ने विश्वास व्यक्त गरे ।
कार्यक्रममा बुटवल उपमहानगरपालिका प्रमुख खेलराज पाण्डेले सञ्चार क्षेत्रको अस्तित्व सङ्कटमा पुग्ने अवस्था आएकाले यसबारेमा सबैले सोच्नुपर्ने धारणा राखे । नेपाल पत्रकार महासङ्घका कार्यवाहक अध्यक्ष दीपक आचार्यले तीनै तहका सरकारले मिडियामैत्री नीति बनाउन आवश्यक रहेको बताए ।
महासङ्घ रुपन्देहीका अध्यक्ष दिनेश पाण्डेले तीन दिनसम्म सञ्चालन गरिएको मिडिया मन्थन कार्यक्रममा सञ्चार क्षेत्रको अवस्था, यू मिडियाका अवसर र चुनौती, रुपन्देहीको आर्थिक विकास र लुम्बिनीको पर्यटन प्रवद्र्धनलगायत विषयमा व्यापक छलफल भएको जानकारी दिए ।

**पन्ध्र बुँदे बुटवल घोषणापत्र जारी**

तीन दिवशीय मिडिया मन्थन तथा राष्ट्रिय सञ्चार सम्मेलन २०८३ आज १५ बुँदे बुटवल घोषणापत्र जारी गरेर सम्पन्न भएको छ । संविधानप्रदत्त अभिव्यक्ति स्वतन्त्रता तथा पूर्ण प्रेस स्वतन्त्रतासहितको अधिकार रक्षा, त्यसको प्रवद्र्धन र पालना गर्न महासङ्घ, रुपन्देही शाखा प्रतिबद्ध रहेको घोषणापत्रमा उल्लेख छ । यस्तै, प्रेस स्वतन्त्रताको रक्षा गर्दै श्रमजीवी पत्रकार ऐन, सूचनाको हक कार्यान्वयनमा सबै पक्ष प्रतिबद्ध हुनुपर्ने ठहर गर्दै सम्मेलनले न्यूनतम पारिश्रमिक पूर्ण रूपमा कार्यान्वयन गर्न सम्बद्ध पक्षलाई आग्रह गरेको छ ।
प्रदेश सरकार र स्थानीय सरकारले सरोकार भएकाहरूसँग पर्याप्त छलफल र परामर्श गरी यथाशक्य सञ्चारसम्बन्धी आवश्यक कानुन बनाउन सम्मेलनले माग गरेको छ । यसैगरी, सरकारी विज्ञापनमा भइरहेको बेथितिको अन्त्य गर्दै विज्ञापन वितरणलाई पारदर्शी, समानुपातिक र समावेशी बनाउँदै निजी, सामुदायिक तथा सरकारी सबै सञ्चारमाध्यममा न्यायोचित रूपमा वितरण गर्न आग्रह गरिएको छ । सङ्कटग्रस्त सञ्चार क्षेत्रलाई संरक्षण तथा प्रवद्र्धन गर्ने दीर्घकालीन नीतिगत व्यवस्थाका लागि समानुपातिक विज्ञापन प्रणाली लागू गर्न माग गरिएको छ ।
सूचना प्रविधिको विकाससँगै यसका चुनौतीहरू पनि बढ्दै गएकाले सामाजिक सञ्जालका विभिन्न 'प्लेटफम'मार्फत आउने गलत र भ्रामक सूचना रोक्न व्यावसायिक सञ्चार माध्यमलाई प्रोत्साहित गरिनुपर्नेमा जोड दिइएको छ ।
पत्रकारिता क्षेत्रको अध्ययन, अनुसन्धान गर्न चाहनेहरूका लागि यस क्षेत्रमा एउटा व्यवस्थित अध्ययन केन्द्र जरूरी रहेकाले त्यसका लागि सञ्चार क्षेत्रका ऐतिहासिक दस्तावेज, सञ्चार सामग्री र अनुसन्धानमूलक सामग्रीसहित बुटवलमा सञ्चार सङ्ग्रहालय स्थापना गरिने पनि घोषणा गरिएको छ । विश्वशान्तिको भूमि बुद्धजन्मस्थल लुम्बिनीको विकास र प्रवद्र्धन, ऐतिहासिक जितगढी किल्ला, मणिमुकुन्द सेन उद्यान, शिद्धबाबा मन्दिरलगायत रुपन्देहीका ऐतिहासिक, धार्मिक तथा सांस्कृतिक पर्यटकीय क्षेत्रको संरक्षण एवं प्रवद्र्धनका लागि विशेष योजना बनाएर प्रभावकारी कार्यान्वयन गर्न तीनै तहका सरकार र सबै सरोकार भएका निकायसँग माग गरिएको छ ।रासस

# लोकतन्त्र बलियो हुन सञ्चारमाध्यम बलियो हुनुपर्छः अध्यक्ष शर्मा



**काठमाडौँ ।**
नेपाल पत्रकार महासङ्घका अध्यक्ष निर्मला शर्माले 'सञ्चारमाध्यम' बलियो भए मात्रै लोकतन्त्र बलियो हुने धारणा व्यक्त गरेकी छिन् । शनिबार नेपाल पत्रकार महासङ्घ युरोप शाखाले पोर्चुगलको राजधानी लिस्बनमा आयोजना गरेको भेटघाट तथा अन्तरक्रिया कार्यक्रममा अध्यक्ष शर्माले मिडिया बलियो नभए लोकतन्त्र बलियो नहुने धारणा व्यक्त गरिन् ।
अध्यक्ष शर्माले प्रेस पूर्ण स्वतन्त्र हुनुपर्ने बताउँदै सरकारले मिडियामाथि अङ्कुश लगाउन नहुने धारणा व्यक्त गरिन् । उनले कृत्रिम बुद्धिमत्ताको प्रभावका कारण पत्रकारितामा चुनौती थपिएको उल्लेख गर्दै सामाजिक सञ्जालमार्फत 'कन्टेन्ट'का नाममा भ्रम फैलाउने प्रवृत्तिले पत्रकारितामा असर पारेको धारणा राखिन् ।
सामाजिक सञ्जाललाई नियन्त्रण नभई नियमन गर्नुपर्ने आवश्यकता औँल्याउँदै उनले सूचना तथा समाचारको सत्यतथ्य परीक्षण गरेर मात्रै समाचार सम्प्रेषण गर्नुपर्नेमा जोड दिइन् । पत्रकार र सञ्चारमाध्यम पनि उत्तरदायी र जिम्मेवार हुनुपर्ने उनको भनाइ थियो ।
अध्यक्ष शर्माले प्रवासी नेपाली समुदायका गतिविधि, समस्यालगायत विषयमा जानकारीमूलक तथा सूचनामूलक समाचार प्रवाह गर्न र पत्रकारितामार्फत समाजमा योगदान गर्न युरोपमा क्रियाशील नेपाली पत्रकारहरूलाई आग्रह समेत गरिन् ।
कार्यक्रममा सहभागी पत्रकारहरूले युरोपमा नेपाली पत्रकारिताको अवस्था, चुनौती, अवसर तथा संस्थागत सहकार्यका विषयमा आफ्ना धारणा राखेका थिए । सहभागीहरुले प्रवासमा पत्रकारितालाई प्रभावकारी बनाउन केन्द्र र शाखाबीच समन्वय र सहकार्य आवश्यक रहेको उल्लेख गर्दै पत्रकारितालाई मर्यादित र जिम्मेवार बनाउन संस्थागत सहकार्यमा जोड दिएका थिए । रासस

# विपदबाट यसवर्ष १९ लाख बढी प्रभावित हुन सक्ने अनुमान

**काठमाडौँ ।**
यसवर्षको मनसुन अवधिमा देशभर औसतभन्दा कम वर्षा हुने सम्भावना रहे पनि तापक्रम वृद्धि र चरम मौसमी घटनाका कारण मनसुनजन्य विपद्को जोखिम उच्च रहने आकलन गरिएको छ ।
राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिरकणले आज सार्वजनिक गरेको मनसुन पूर्वतयारी तथा प्रतिकार्य राष्ट्रिय कार्ययोजना २०८३ को मस्यौदामा १९ लाखभन्दा बढी जनसङ्ख्या प्रभावित हुन सक्ने अनुमान गरिएको हो । मस्यौदाअनुसार उच्च हिमाली क्षेत्रमा हिमताल विस्फोटको जोखिम बढेको छ भने तराई तथा तल्लो भेगमा बाढी, पहिरो, डुबान, भूक्षय र आकस्मिक बाढीका घटना बढ्न सक्ने सम्भावना औँल्याइएको छ । दैनिक तापक्रम वृद्धि र तातो हावाको लहरका कारण विशेष गरी दक्षिणी तराई क्षेत्र बढी प्रभावित हुन सक्ने जनाइएको छ ।
प्रतिवेदनमा मनसुन अवधिमा देशभर करिब चार लाख ५७ हजार १४५ घरधुरीका १९ लाख ९७ हजार ७३१ जना प्रभावित




हुन सक्ने अनुमान गरिएको छ । प्रभावितमध्ये ५२ प्रतिशत महिला र ४८ प्रतिशत पुरुष हुनसक्ने जनाइएको ।
जोखिममा रहेका जनसङ्ख्यामध्ये पाँच वर्षमुनिका बालबालिका करिब एक लाख ६४ हजार, ६० वर्षमाथिका ज्येष्ठ नागरिक चार लाख १५ हजारभन्दा बढी तथा अपाङ्गता भएका व्यक्ति करिब ४८ हजार रहेको उल्लेख छ । प्रजनन उमेर समूहका महिलाको सङ्ख्या उल्लेख्य रहेको प्रतिवेदनमा जनाइएको छ ।
प्रदेशगत विश्लेषणअनुसार कोशी, मधेस लुम्बिनी र सुदूरपश्चिम प्रदेशका केही जिल्लामा मनसुनजन्य विपद्को जोखिम तुलनात्मक रूपमा बढी देखिएको छ । विपद् पूर्वतयारी तथा उद्धार व्यवस्थापनलाई प्रभावकारी बनाउन प्रदेश र स्थानीय तहलाई जोखिम विश्लेषणका आधारमा तयारी गर्न आग्रह गरिएको छ ।
प्राधिकरणका उप सचिव रामबहादुर केसीले मनसुनजन्य विपद्बाट हुने क्षति न्यूनीकरणका लागि पूर्वसूचना प्रणाली, सुरक्षित स्थानको पहिचान, राहत सामग्री तयारी तथा उद्धार संयन्त्रलाई चुस्त बनाउन सम्बन्धित निकायलाई निर्देशन दिएको जानकारी दिएको छ ।
जल तथा मौसम विज्ञान विभागले मनसुन अवधिमा नेपालमा सरदरभन्दा कम वर्षा हुने र तापक्रम बढ्ने प्रक्षेपण गरेको छ । विभागका अनुसार यसवर्ष कर्णाली प्रदेशका दक्षिणी भू–भाग, लुम्बिनी प्रदेशका अधिकांश क्षेत्र, मधेस प्रदेशका पूर्वी भू–भाग तथा कोशी प्रदेशका दक्षिणी क्षेत्रमा सरदरभन्दा कम वर्षा हुने सम्भावना ५५ देखि ६५ प्रतिशत छ ।
सुदूरपश्चिम प्रदेशका अधिकांश भू–भाग, मधेश प्रदेशका पश्चिमी भू–भाग तथा कोशी प्रदेशका मध्य भू–भागमा सरदरभन्दा बढी वर्षा हुने सम्भावना ४५ देखि ५५ प्रतिशत रहेको विभागले जनाएको छ । कर्णाली र कोशी प्रदेशका उत्तरी भू–भागमा भने सरदर वर्षा हुने सम्भावना ३५ देखि ४५ प्रतिशत रहेको बताइएको छ । बाँकी अधिकांश क्षेत्रमा सरदरभन्दा कम वर्षाको सम्भावना ३५ देखि ४५ प्रतिशत रहेको विभागको आकलन छ ।
अधिकतम तापक्रमतर्फ सुदूरपश्चिम, कर्णाली, लुम्बिनी, गण्डकी, बागमती, मधेश र कोशी प्रदेशका विभिन्न भू–भागमा सरदरभन्दा बढी रहने सम्भावना ५५ देखि ६५ प्रतिशत रहेको विभागले जनाएको छ । त्यस्तै, न्यूनतम तापक्रम देशभर सरदरभन्दा बढी रहने सम्भावना रहेको विभागको निष्कर्ष छ । विशेषगरी सुदूरपश्चिम, कर्णाली, बागमती, मधेश र कोशी प्रदेशका केही क्षेत्रमा न्यूनतम तापक्रम सरदरभन्दा बढी रहने सम्भावना ५५ देखि ६५ प्रतिशतसम्म रहेको बताइएको छ ।रासस

# कर्णाली प्रदेश अस्पतालको 'ओपीडी' भवन निर्माण गरिने




**सुर्खेत ।**
कर्णाली प्रदेश अस्पतालको छुट्टै ओपिडी भवन निर्माण हुने भएको छ ।
उक्त भवन निर्माणका लागि आज मुख्यमन्त्री यामलाल कँडेलले शिलान्यास गरे ।
प्रदेश अस्पतालका सूचना अधिकारी अनिता ज्ञवालीका अनुसार, भवनको लागत अनुमान सुरुमा २९ करोड ९८ लाख रुपैयाँ थियो ।
ठेकदार कम्पनीले १६ करोड ८४ लाख रुपैयाँमा निर्माण सम्पन्न गर्ने जिम्मा पाएको छ ।
निर्माणको जिम्मेवारी चण्डीदेवी विशाल एण्ड विराट जेभी काठमाडौँ लिएको छ ।
अहिले सञ्चालित ओपीडीको संरचना ५० शैय्याको अस्पतालमा आधारित छ, तर हाम्रो सेवा अहिले ३०० शैय्यामा छ, सूचना अधिकारी ज्ञवालीले भने, त्यसकारण भीड धेरै हुन्छ । थेग्न सक्ने अवस्था छैन ।
प्रदेश र केन्द्र सरकारको सह–लगानीमा छुट्टै नयाँ ओपिडी भवन निर्माण गर्न लागिएको हो ।
आगामी १४ महिनाभित्र निर्माण सम्पन्न गर्ने सम्झौता गरिएको छ ।रासस

# दुग्ध उत्पादक किसानले अझै पाएनन् भुक्तानी

**चितवन ।**
जिल्लाका दुग्ध उत्पादक किसानले रु ५५ करोड भुक्तानी पाउन सकेका छैनन् । दुग्ध विकास संस्थान र निजी क्षेत्र गरी उनीहरुले सो रकम पाउन नसकेका हुन् ।
चितवन जिल्ला दुग्ध उत्पादक सहकारी सङ्घका अध्यक्ष किशोर बगालेका अनुसार संस्थानबाट पुस महिना देखिको भुक्तानी पाएका छैनन् भने निजी उद्योगहरुले तीन महिनादेखिको भुक्तानी गरेका छैनन् । उनका अनुसार जिल्लाबाट दूध लैजाने उद्योगमध्ये २५ प्रतिशतले नियमित भुक्तानी गर्ने गरेको भए पनि अन्यले भुक्तानी नदिँदा किसानहरु मर्कामा परेका हुन् ।
जिल्लामा दैनिक ३५० हजार लिटर दूध उत्पादन हुँदै आएको छ । यहाँका ११५ वटा दुग्ध उत्पादन सहकारीमार्फत ४० हजार



किसानले उत्पादन गरेको दूध बिक्री हुँदै आएको छ । नयाँ सरकार बनेसँगै उत्साहित बनेका किसानहरु भुक्तानीमा समस्या देखिएपछि पुनः निरास बन्न थालेको उनले बताए ।
सङ्घले भुक्तानीमा समस्या देखिएसँगै आफ्नो उत्पादनलाई बजारीकरण गर्न तीन स्थानमा डेरी मार्ट सञ्चालनमा ल्याएको छ । भरतपुर महानगरपालिका–१० को दूरसञ्चार रोड, चितवन मेडिकल कलेज पछाडि र वडा नम्बर ३ को बेलचोकमा मार्ट सञ्चालनमा ल्याएको हो ।
सङ्घको रत्ननगरमा रहेको आफ्नै डेरी उद्योगबाट उत्पादित दुग्धजन्य वस्तुहरु मार्टमार्फत सेवाग्राहीमाझ पु¥याउने काम गर्दै आएको उनले बताए । मार्टमा दूध, घ्यू, पनिर, नौनी, खुवा, मोहीलगायतका सामग्री बिक्री वितरण गर्दै आएको उनले जानकारी दिए ।रासस

# देशभर ३ हजार बढि निःशुल्क बेड उपलब्ध, प्रयोगमा १ सय ३५ मात्रै

**काठमाडौं ।**
विपन्न, असहाय तथा वेवारिसे बिरामीको उपचारका लागि देशभरीका सरकारी तथा निजी अस्पतालहरूले कुल शैय्याको १० प्रतिशत शैय्या छुट्याउनुपर्ने सरकारको निर्णय अनुसार हाल देशभर ३ हजार २६४ बेड छुट्याएको छ ।
स्वास्थ्य तथा जनसंख्या मन्त्रालयअन्तर्गतको अनलाइन प्रणालीमा सार्वजनिक विवरणअनुसार देशभरका अस्पतालमा कुल १८ हजार ४२४ बेडमध्ये ३ हजार २६४ बेड निःशुल्क उपचारका लागि



छुट्याइएको हो । त्यसमध्ये हाल १३५ निःशुल्क बेड प्रयोगमा रहेका छन् भने ३ हजार १२९ बेड उपलब्ध अवस्थामा रहेको देखिएको छ ।
नेपालको संविधान २०७२ को धारा ३५ ले प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्राप्त गर्ने हक सुनिश्चित गरेको छ । सोही संवैधानिक व्यवस्थाअनुसार सरकारले विपन्न, असहाय तथा लक्षित वर्गका नागरिकलाई उपचार पहुँच सुनिश्चित गर्न निजी अस्पतालमा समेत १० प्रतिशत निःशुल्क बेड अनिवार्य गरेको हो ।
सरकारले यो प्रणालीलाई प्रभावकारी, पहुँचयोग्य र पारदर्शी बनाउन अनलाइन अनुगमन प्रणाली विकास गरेको जनाएको छ । प्रणालीमार्फत प्रदेश, जिल्ला र अस्पतालअनुसार निःशुल्क बेडको अवस्थाबारे जानकारी लिन सकिने व्यवस्था गरिएको छ । रासस

# भ्रष्टाचार नियन्त्रण, रोजगारी सिर्जना र नवप्रवर्तनलाइ प्राथमिकता

**काठमाडौँ ।**
सरकारले भ्रष्टाचार नियन्त्रण, रोजगारी सिर्जना र नवप्रवर्तनलाई प्राथमिकता दिँदै आगामी आर्थिक वर्ष २०८३–८४ को नीति तथा कार्यक्रम ल्याएको छ ।

संघीय संसद्को आजको संयुक्त बैठकमा सरकारको आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम प्रस्तुत गर्दै राष्ट्रपति रामचन्द्र पौडेलले एउटै दलको स्पष्ट बहुमत सहितको सरकार गठन हुनुले मुलुकका लागि राजनीतिक र नीतिगत स्थिरता दिने ऐतिहासिक अवसर भएको बताए ।

राष्ट्रपति पौडेलले सुशासनलाई समृद्ध नेपालको आधारशिलाका रुपमा ग्रहण गर्दै सरकारले सार्वजनिक सेवा प्रवाहमा सुधार, आर्थिक पुनरुत्थान, भ्रष्टाचार विरुद्ध शून्य सहनशीलता र सामाजिक उन्नतिलाई अभियानको रुपमा अघि बढाउने बताए ।

सरकारले अघि सारेका शासकीय सुधारका एक सय कार्यसूचीको





पूर्ण कार्यान्वयन गरी त्यसलाई निरन्तरता दिइने उल्लेख गर्नुहुँदै राष्ट्रपति पौडेलले नेपाललाई सम्मानजनक मध्यम आय भएको मुलुकमा स्तरोन्नति गर्न आगामी दशकमा औसत वास्तविक आर्थिक वृद्धिदर ७ प्रतिशत सम्म पुग्ने गरी नयाँ चरणको आर्थिक सुधारका शृंखला अगाडि बढाउने बताए ।

नीति तथा कार्यक्रम सार्वजनिक गर्नुहुँदै राष्ट्रपति पौडेलले डिजिटल कारोबारलाई प्राथमिकता दिने, राजश्व चुहावट नियन्त्रण गर्ने र करका संरचनाको पुनरावलोकन गरी उद्यमी तथा मध्यम वर्गीय परिवार माथिको बोझ हटाउने बताए ।

राष्ट्रपति पौडेलले सहकारी संस्थाको नियमन र प्रभावकारी व्यवस्थापनका लागि राष्ट्रिय सहकारी नियमन प्राधिकरणको क्षमता विस्तार गर्ने तथा समस्याग्रस्त सहकारी संस्थामा रकम जम्मा गरेका बचत कर्ताको रकम फिर्ता गर्न एकीकृत बचतकर्ता सुरक्षण कोष स्थापना गर्ने बताए ।

सार्वजनिक खर्चलाई परिणाममुखी बनाउँदै सार्वजनिक संस्थान सुधार, खर्च कटौती र चुस्त सेवा प्रवाहलाई प्राथमिकता दिने उल्लेख गर्नुहुँदै राष्ट्रपति पौडेलले सार्वजनिक संस्थानको वर्गीकरण गरी गाभ्ने, निजी क्षेत्रसँग सहकार्य गर्ने र रणनीतिक साझेदार भित्र्याउने स्पष्ट नीति लागु गर्ने बताए ।

राष्ट्रपति पौडेलले सीमा रहित अर्थतन्त्र र तौलरहित व्यापारलाई राष्ट्रिय आर्थिक रणनीतिका रुपमा आत्मसात् गर्दै सूचना प्रविधिमा आधारित सेवा निर्यात, जलविद्युत, पर्यटन लाई आर्थिक रुपान्तरणका प्रमुख आधार क्षेत्रका रुपमा विकास गरिने बताए ।

अन्तर्राष्ट्रिय स्तरमा हुँदै आएका असल अभ्यासहरू अवलम्बन गरी पूँजी बजारलाई दिगो र सुरक्षित बनाउने उल्लेख गर्नुहुँदै राष्ट्रपति पौडेलले वैदेशिक सहायताबाट प्राप्त भएको ऋणलाई प्रतिफल दिने आयोजनाहरूमा लगानी गर्ने, किसानको बाली तथा पशुधन बीमाको दायरा विस्तार गर्ने, बीमा प्रणालीलाई डिजिटल माध्यमसँग आबद्ध गर्दै किसानको पहुँच विस्तार गर्ने उल्लेख गरे ।

राष्ट्रपति पौडेलले सुकुम्बासी समस्याको दीर्घकालीन समाधानका लागि वास्तविक भूमिहीन सुकुम्बासीको पहिचान गरी उनीहरूको स्थायी आवास र जग्गाको स्वामित्व सुनिश्चित गर्ने बताए ।

यस्तै विज्ञापन तथा सञ्चार क्षेत्रको पारदर्शी र उत्तरदायी व्यवस्थापनका लागी तीन वटै सरकारको समन्वयमा यस क्षेत्रको नियमन प्रणाली सुदृढ गरिने, हुलाक सेवाको विविधीकरण र डिजिटल रूपान्तरण गरिने पनि राष्ट्रपति पौडेलले बताए ।

राष्ट्रपति पौडेलले चलचित्र, वृत्तचित्र र फोटोग्राफीलाई उद्योगको रुपमा विकास गरिने, मुलुकको प्राकृतिक र साँस्कृतिक सम्पदालाई अन्तर्राष्ट्रिय बजारमा प्रवर्द्धन गर्दै नेपाललाई अन्तर्राष्ट्रिय चलचित्र छायाङ्कन गन्तव्यका रुपमा स्थापना गर्ने उल्लेख गरे ।

यस्तै राष्ट्रिय मानव अधिकार आयोगको क्षमता अभिवृद्धि गर्ने, अख्तियार दुरुपयोग अनुसन्धान अयोगलाई संस्थागत सुदृढ गर्दै अनुसन्धान र कारबाही प्रणाली प्रभावकारी बनाइने, राष्ट्रिय सतर्कता केन्द्रलाई भ्रष्टाचार निवारण इकाइका रुपमा पुनर्संरचना गरिने राष्ट्रपति पौडेलले बताए ।

राष्ट्रपति पौडेलले राजनीतिक स्थिरतालाई अवसरको रुपमा ग्रहण गर्दै राष्ट्रको समग्र रूपान्तरणलाई गति दिइने बताए ।

राष्ट्रपति पौडेलले उत्तरदायी शासन प्रणालीमार्फत राज्यप्रति नागरिकको विश्वास अभिवृद्धि गर्दे समुन्नति केन्द्रित सुशासनलाई संस्थागत गर्दै लोकतान्त्रिक शासन प्रणालीको सुदृढीकरण सरकारको मार्गदशन हुने बताए ।

यस्तै नीति तथा कार्यक्रममा उत्पादन लागत घटाउन, व्यावसायिक वातावरण सरल बनाउन र स्वदेशी, विदेशी तथा आप्रवासी लगानी आकर्षित गर्न आर्थिक उत्प्रेरणाको पुनर्संरचना गर्ने, दीर्घकाल सम्म स्थिर र पूर्वानुमान योग्य आर्थिक नीति कायम राख्दै राष्ट्रिय विकास प्राथमिकता, योजना छनौट र कार्यान्वयनमा निरन्तरता सुनिश्चित गर्ने सक्षम संयन्त्र निर्माणमा जोड दिइएको छ ।

यस्तै श्रम प्रदान निर्यात सम्भावना भएका कृषि प्रशोधन, पर्यटन सेवा, हलुका उत्पादन र प्रविधिमा आधारित उद्योगको विस्तारका लागि रोजगारी आबद्ध उत्पादन क्षेत्र स्थापना गर्ने, लगानी क्षेत्रको विस्तारका लागि सार्वजनिक–निजी साझेदारी मार्फत परियोजना पाइप लाइन तयार गरी लगानी जोखिम बाँडफाँड र सम्झौता ढाँचा स्पष्ट गर्ने, महिलाले नेतृत्व गरेका उद्यमलाई बजारमुखी बनाउन महिला उद्यमशीलता विकास रणनीति तर्जुमा गर्ने उल्लेख छ ।

यस्तै सरकारले दुर्गम क्षेत्रसम्म नवीनतम प्रविधिको विस्तारमार्फत डिजिटल विभेद न्युनिकरण गर्ने घोषणा गरेको छ । दूरसञ्चार क्षेत्रमा नवीनतम प्रविधिको विस्तार, रेडियो फ्रिक्वेन्सी व्यवस्थापनका मापदण्ड र सुदृढ अनुगमन प्रणाली लागू गर्दै डिजिटल क्षेत्र विस्तारमार्फत डिजिटल विभेद न्युनिकरण गर्ने नीति तथा कार्यक्रममा उल्लेख छ ।

नेपालको संविधान २०७२ को धारा ९५ मा राष्ट्रपतिले संघीय संसद्को संयुक्त बैठकमा सरकारको वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्ने व्यवस्था रहेको छ ।

सोमबार प्रस्तुत भएको नीति तथा कार्यक्रमले तोकेको प्राथमिकताका आधारमा सरकारले आगामी ज्येष्ठ १५ गते सरकारको आगामी आर्थिक वर्षको बजेट प्रस्तुत गर्ने छ । रासस

नीति तथा कार्यक्रमः 'लगानी एक्स्प्रेस' नीति लागू गरिने

सरकारले व्यवसाय दर्तादेखि निर्माण अनुमतिसम्मका काम ३० दिनभित्र सम्पन्न गर्न 'लगानी एक्स्प्रेस' नीति लागू गर्ने घोषणा गरेको छ ।

सङ्घीय संसद्का दुवै सदनको संयुक्त बैठकलाई आज सम्बोधन गर्दै राष्ट्रपति रामचन्द्र पौडेलद्वारा प्रस्तुत नीति तथा कार्यक्रममा सरकारले तोकेभन्दा माथिको लगानी गर्ने लगानीकर्तालाई 'नेपाल लगानी भिसा' उपलब्ध गराइने उल्लेख छ ।

विदेशी लगानीसम्बन्धी कानुन संशोधन गरी स्वचालित मार्ग विस्तार गरिने नीति कार्यक्रममा उल्लेख छ । विशेष आर्थिक क्षेत्रहरूको विस्तार तथा साझा पूर्वाधारसहित 'औद्योगिक ग्राम' स्थापना गरिने भनिएको छ ।

'ग्रीन गार्मेन्ट भिलेज, सूचना प्रविधि पार्क, कृषि उत्पादन केन्द्रलगायत उत्पादनमूलक तथा नवप्रवर्तनमा आधारित औद्योगिक क्षेत्रको विकास गर्दै त्यस्ता क्षेत्रलाई औद्योगिक पर्यटनसँग आबद्ध गरिनेछ,'

*बाँकी पृष्ठ २ मा*

## सुपारी दिएर हत्या गराएको आरोपमा ४ महिनापछि छिमेकी पक्राउ

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
जिल्ला प्रहरी कार्यालय सिरहाले सिरहामा भएका दुई वटा गोली प्रहार घटनामा संलग्न अभियुक्तहरुलाई पक्राउ गरेको जनाएको छ । प्रहरीले पत्रकार सम्मेलन गर्दै कर्तव्य ज्यान र ज्यान मार्ने उद्योग मुद्दाका अभियुक्त पक्राउ गरिएको जानकारी दिएको हो ।

प्रहरीका अनुसार गत माघ १६ गते सिरहा नगरपालिका–७ बाँसघारीमा ४२ वर्षीय प्रेमनाथ यादवको गोली हानी हत्या गरिएको थियो । घटनापछि प्रहरीको विशेष टोलीले अनुसन्धान अघि बढाउँदै घटनास्थलबाट खोका बरामद गरेको, ८० जनाको सीडीआर विश्लेषण, पोलिग्राफ टेस्ट तथा नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो(सीइआबी) र मधेश प्रदेश प्रहरी कार्यालयको सहयोगमा अनुसन्धान गरिएको जनाएको छ ।

अनुसन्धानका क्रममा मृतककै छिमेकी तथा पूर्व शिक्षक ५२ वर्षीय उपेन्द्र यादवलाई पक्राउ गरिएको प्रहरीले जनाएको छ । प्रारम्भिक अनुसन्धानमा पारिवारिक रिसिइबीका कारण उपेन्द्र यादवले भारतीय अपराधीको सहयोगमा करिब ८ लाख रुपैयाँमा सुपारी दिएर हत्या गराएको खुलेको प्रहरीको दाबी छ ।

त्यसमध्ये तत्काल ५ लाख रुपैयाँ दिइएको र बाँकी रकम पछि दिने सहमति भएको प्रहरीको भनाइ छ । घटनामा संलग्न अन्य भारतीय अपराधीहरुको खोजी कार्य जारी रहेको प्रहरीले जनाएको छ ।

त्यसैगरी गत माघ ४ गते नै सिरहाको औरही गाउँपालिका–५ स्थित जितिया मन्दिरमा सुतिरहेका ५५ वर्षीय पुजारी श्याम सुन्दर शर्मा चुँडालमाथि गोली प्रहार गरिएको घटनामा पनि प्रहरीले अभियुक्त पक्राउ गरेको जनाएको छ ।

प्रहरीका अनुसार प्रारम्भिक अनुसन्धानबाट औरही गाउँपालिका–५ कै ५५ वर्षीय हरि ठाकुरले पारिवारिक रिसिइबीका कारण भारतीय सुटरलाई ५० हजार रुपैयाँ दिएर पुजारीमाथि गोली प्रहार गराएको खुलेको छ ।

बाँकी फरार भारतीय सुटरको खोजबिन भइरहेको सिरहा प्रहरीले जनाएको छ ।

## खाद्यवस्तु र मरमसलाको मूल्यवृद्धि घट्यो

**काठमाडौँ ।**
नेपाल राष्ट्र बैङ्कले सोमबार सार्वजनिक गरेको देशको वर्तमान आर्थिक तथा वित्तीय स्थिति प्रतिवेदनअनुसार खाद्यवस्तु, दाल तथा गेडागुडी र मरमसलाको मूल्यवृद्धि घटेको देखिएको छ ।

चालु आर्थिक वर्ष २०८२–८३ को चैत मसान्तमा वार्षिक विन्दुगत उपभोक्ता मुद्रास्फीति चार दशमलव ४७ प्रतिशत रहेको केन्द्रीय बैङ्कले जनाएको छ । अघिल्लो वर्षको सोही महिनामा यस्तो मुद्रास्फीति तीन दशमलव ३९ प्रतिशत रहेको थियो ।

राष्ट्र बैङ्कका अनुसार खाद्य तथा पेयपदार्थ समूहको मुद्रास्फीति चार दशमलव ०१ प्रतिशत रहेको छ भने गैर—खाद्य तथा सेवा समूहको मुद्रास्फीति चार दशमलव ७२ प्रतिशत रहेको छ ।

आर्थिक वर्ष २०८२–८३ को नौ महिनाको औसत मुदास्फीति दुई दशमलव ३९ प्रतिशत रहेको पनि राष्ट्र बैङ्कले जनाएको छ । अघिल्लो वर्षको सोही अवधिको औसत मुद्रास्फीति चार दशमलव ५७ प्रतिशत रहेको थियो ।

गत चैत महिनामा खाद्य तथा पेय पदार्थ समूहअन्तर्गत घ्यू तथा तेल उप–समूहको वार्षिक विन्दुगत उपभोक्ता मूल्य सूचकाङ्क १२ दशमलव ८७, फलफूलको ११ दशमलव ६७, तरकारीको नौ दशमलव १८ प्रतिशतले बढेको छ । दाल तथा गेडागुडी उप–समूहको वार्षिक विन्दुगत उपभोक्ता मूल्य सूचकाङ्क दुई ७८, खाद्य तथा खाद्यजन्य पदार्थको एक दशमलव ६८ र मरमसलाको एक दशमलव ६४ प्रतिशतले घटेको छ ।

गैर–खाद्य तथा सेवा समूहअन्तर्गत विविध वस्तु तथा सेवा उप–समूहको वार्षिक विन्दुगत उपभोक्ता मूल्य सूचकाङ्क १९ दशमलव ९४, यातायातको १२ दशमलव ०३, शिक्षाको सात दशमलव ४६, मदिराजन्य पेय पदार्थको चार दशमलव ७७ र कपडा तथा जुत्ताचप्पलको चार दशमलव ७३ प्रतिशतले बढेको छ । त्यस्तै, गत चैतमा ग्रामीण क्षेत्रको वार्षिक विन्दुगत उपभोक्ता मूल्य सूचकाङ्क तीन दशमलव ७१ प्रतिशतले र सहरी क्षेत्रको वार्षिक विन्दुगत उपभोक्ता मूल्य

*बाँकी पृष्ठ २ मा*

## पोखरिया–श्रीसिया सडक निर्माण ठप्प



**मधेशदृष्टि**
**वीरगंज ।**
२० करोड रुपैयाँको लागतमा पर्साको पोखरिया नगरपालिका क्षेत्रमा निर्माण भइरहेको पोखरिया–श्रीसिया सडक तथा नाला निर्माण योजना अलपत्र बनेपछि स्थानीय तह र सरोकारवाला हरूले गम्भीर चिन्ता व्यक्त गरेका छन् ।

पोखरिया नगरपालिकाको वडा न–१ वनकटवादेखि पोखरिया बजार हुँदै वडा न–६ श्रीसियासम्म करिब पाँच किलोमिटर सडक तथा नाला निर्माणका लागि योजना सञ्चालनमा ल्याइएको हो । सङ्घीय सांसदको विकास कोष अन्तर्गत २०७८ सालमा स्वीकृत भएको यो योजना दुई वर्षभित्र सम्पन्न गर्ने लक्ष्य राखिएको थियो ।

निर्माण कार्य २०७९ फागुनदेखि सुरु गरिएको भएपनि सुरुमा केही समय तीव्र गतिमा काम भएको र पछिल्लो समयमा काम सुस्त हुँदै गएको तथा हाल पूर्णरूपमा रोकिएको अवस्था रहेको छ । नगरपालिकाका अनुसार हालसम्म करिब ३० प्रतिशत मात्र काम सम्पन्न भएको छ भने बाँकी काम लामो समयदेखि ठप्प रहेको छ ।

नगरपालिकाले निर्माण कम्पनीको ढिलासुस्ती र निष्क्रियताका कारण योजना प्रभावित भएको भन्दै भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयको ध्यानाकर्षण गराएको छ । नगरप्रमुख प्रद्युम्न चौहानद्वारा हस्ताक्षरित पत्रमार्फत तत्काल आवश्यक हस्तक्षेप गरी बाँकी काम अघि बढाउन माग गरिएको छ ।

पोखरिया बजार क्षेत्र हुँदै जाने सडक अधूरै रहँदा वर्षायाममा हिलो, धूलो तथा पानी जम्ने समस्या बढेको स्थानीयको गुनासो छ । यसले आवतजावतमा कठिनाइ हुनुका साथै दुर्घटनाको जोखिम बढाएको र बजारको व्यापार–व्यवसाय तथा दैनिक जीवनमा समेत असर परेको स्थानीयले बताएका छन् ।

यता निर्माण कम्पनीका प्रतिनिधिले भने स्थानीय तह र जनप्रतिनिधिबाट सहजरूपमा काम गर्न नदिइएको दाबी गरेका छन् । साथै ठेक्काको म्याद थप प्रक्रियामा पनि खर्च र झन्झट रहेको उल्लेख गर्दै आवश्यक वातावरण बनेमा बाँकी काम पूरा गर्न सकिने बताएका छन् ।

यसैबीच, सम्बन्धित सडक आयोजना कार्यालयका अधिकारीले हालै मात्र जिम्मेवारी सम्हालेको जनाउँदै यस विषयमा स्थलगत अध्ययन गरी आवश्यक निर्णय लिने बताएका छन् । काम नगरेको अवस्थामा ठेक्का सम्झौता रद्द गरी नयाँ प्रक्रिया अघि बढाउन सकिने विकल्पसमेत रहेको उल्लेख गरेका छन् ।

नगरपालिकाले योजना ढिलासुस्तीप्रति जनस्तरबाट बढ्दो असन्तुष्टि व्यक्त भइरहेको भन्दै सम्बन्धित निकायलाई तत्काल प्रभावकारी कदम चाल्न आग्रह गरेको छ । स्थानीयवासीले पनि विकास योजनामा हुने ढिलासुस्तीले सरकारप्रतिको विश्वास कमजोर बनिरहेको भन्दै समयमै काम सम्पन्न गर्न जोड दिएका छन् ।

## अथर एक्सपिरियन्स सेन्टर उद्घाटन




**मधेशदृष्टि**
**जनकपुरधाम ।**
नेपालमा स्मार्ट विद्युतीय मोबिलिटीको भविष्यलाई अझ सशक्त बनाउँदै नेपालको अग्रणी प्रिमियम इलेक्ट्रिक स्कुटर ब्रान्ड एथर इनर्जीको आधिकारिक वितरक वैद्य इनर्जीले जनकपुरधाममा नयाँ अथर एक्सपिरियन्स सेन्टर सञ्चालनमा ल्याएको छ ।

जनकपुरधामको मिल्स एरियास्थित सोमबार सो सेन्टरको उदघाटन गरिएको हो । नितिन ट्रेड लिंकको व्यवस्थापनमा सञ्चालनमा आएको यो सेन्टरसँगै अथर नेपालले देशभर आफ्नो उपस्थिति अझ विस्तार गर्दै विद्युतीय सवारीको प्रयोगलाई तीव्रता दिने प्रतिबद्धता दोहो¥याएको छ ।

जनकपुरधाममा नयाँ एक्सपिरियन्स सेन्टर सञ्चालनमा आएपछि अथर नेपालका देशभर १० वटा एक्सपिरियन्स सेन्टर पुगेका छन् । काठमाडौँ उपत्यकाभित्र ५ वटा शाखा रहेका छन् भने पोखरा, चितवन, इटहरी, बुटवल र अब जनकपुरधाममा पनि सेवा विस्तार गरिएको जनकपुरधामका आधिकारि वितरक संजु नायकले बताए । उनका अनुसार अथरले नेपालकै दुईपांग्रे ईभी क्षेत्रमा सबैभन्दा लामो ८ वर्षसम्मको विस्तारित ब्याट्री वारेन्टी उपलब्ध गराउँदै आएको छ ।

जनकपुर एक्सपिरियन्स सेन्टरमा अथरको सम्पूर्ण उत्पादन श्रृंखला प्रदर्शन गरिएको छ । यसअन्तर्गत 'अथर ४५० सिरिज' तथा परिवारमुखी 'अथर रिज्टा' प्रमुख आकर्षणका रूपमा रहेका छन् । कम्पनीका अनुसार अथर ४५० सिरिज उच्च परफर्मेन्स, स्मार्ट टेक्नोलोजी तथा डायनामिक राइडिङ अनुभव खोज्ने ग्राहकलाई लक्षित गरी डिजाइन गरिएको स्कुटर हो । यसमा शक्तिशाली एक्सेलेरेशन, गुगल म्याप्स आधारित नेभिगेसन, अटो होल्ड, फल सेफ, रिभर्स मोड, विभिन्न राइड मोड तथा रेस्पोन्सिभ टचस्क्रिन ड्यासबोर्डजस्ता अत्याधुनिक सुविधा उपलब्ध छन् ।

जनकपुर एक्सपिरियन्स सेन्टरमा पुग्ने ग्राहकहरूले अथर स्कुटरहरूको लाइभ डिस्प्ले तथा प्रोडक्ट डेमोन्स्ट्रेसन अनुभव गर्न सक्नेछन् ।

साथै अथर ४५० सिरिज तथा रिज्टाको टेस्ट राइड लिन, स्मार्ट फिचर तथा कनेक्टेड टेक्नोलोजीबारे जानकारी प्राप्त गर्न, फाइनान्सिङ तथा एक्सचेञ्ज सुविधा बुझ्न तथा ईभी ओनरसिप र चार्जिङसम्बन्धी परामर्श लिन सक्ने व्यवस्था गरिएको छ ।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका–१३, पर्सा, मोबाइल नं.–९८५५०२१२८१, कार्यालयः जनकपुरधाम–२, भानुचोक, किशोरी नगर, फोन नं.–०४१–५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन